का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ फागुन २०८०,
आइतबार
18 February 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ५ । पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

## ढुक्क सिटौला



राष्ट्रिय सभाको अध्यक्षमा सिटौला दाइको नाम गठबन्धनभित्र टुंगो लागेको भन्ने मेरो बुझाइ छ ।

■ **अनिता देवकोटा**
**सचेतक, राष्ट्रिय सभा, कांग्रेस संसदीय दलक**




शान्ति प्रक्रियामा मध्यस्थकर्ताको भूमिका खेलेका सिटौलाप्रति माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्ड नरम रहेको बताइन्छ । प्रचण्डको सदासयता समेतका आधारमा राष्ट्रिय सभा अध्यक्षमा सिटौला ढुक्क रहेको नेताहरु बताउँछन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

राष्ट्रिय सभा अध्यक्षको निर्वाचन आगामी फागुन २९ गते हुने तय भएको छ । राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाको पदावधि फागुन २० गते सकिँदैछ । त्यसपछि निर्वाचनबाट अध्यक्ष चुनिन लागेको हो । निर्वाचनको मिति नजिकिएसँगै राष्ट्रिय सभाको अध्यक्षको विषयमा नेताहरुबीच छलफल शुरु भएको छ ।

हाल उपाध्यक्ष रहेकी उर्मिला अर्याल अध्यक्षको आकांक्षी छन् । तर सत्ता गठबन्धनमा हुने सहमतिका आधारमा उम्मेदवार चयन हुने उनको जवाफ छ । उनी भन्छिन्, 'माओवादीले नेतृत्व गर्दा उपाध्यक्षबाट राजीनामा गरेर अध्यक्ष हुने विकल्प छ । तर, निश्चित पात्रलाई हेरेर गठबन्धनकै अर्को पार्टीले अध्यक्ष दिने भन्ने पनि छ' उपाध्यक्ष अर्याल भन्छिन्, 'दुवै विकल्पमाथि छलफल चलिरहेकै छ ।'

तर, कांग्रेस नेताहरुका अनुसार कांग्रेसका कृष्ण सिटौला राष्ट्रिय सभाका लागि चुनाव लडेर आएका हुन् । सिटौला गत माघ ११ गते भएको चुनावमा कोशी प्रदेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका थिए ।

सत्ता गठबन्धनमा प्रधानमन्त्री आलोपालो गर्ने सहमति भएको नेताहरु बताउँछन् । त्यस अनुसार प्रचण्डले प्रधानमन्त्री छाड्दा संवैधानिक परिषदमा आफ्नो दलको उपस्थिति नरहने चिन्ता माओवादी नेताहरुमा छ । संवैधानिक निकायका पदाधिकारीहरु नियुक्ति सिफारिस गर्ने ६ सदस्यीय परिषदमा राजनीतिक पृष्ठभूमिका सदस्यहरूमा प्रमुख विपक्षी दलको नेता, सभामुख, »» पृष्ठ २ मा

## बल्झिरहने 'ईशनाथ'

पछिल्ला वर्षहरुमा मूर्ति सेलाउने विषयमा निरन्तर अवरोध र विरोध हुने गरेको छ । यसवर्ष पनि झडपकै स्थिति आएपछि कर्फ्यू लगाइएको प्रहरीले जनाएको छ ।

**कृष्ण तिवारी / मध्यान्ह**
रौतहट, ५ फागुन ।

रौतहटको ईशनाथ नगरपालिका-७ घिउरामा सरस्वतीको मूर्ति सेलाउने विषयमा झडप भएपछि स्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गरेको छ । ईशनाथ नगरपालिका-७ घिउराटोलमा सरस्वतीको मूर्ति सेलाउने विषयमा शनिबार साँझ दुई पक्षबीच भएको झडपमा केही स्थानीय घाइते भएका छन् ।

रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले दुई पक्षबीच झडपको अवस्था सिर्जना भएपछि स्थिति नियन्त्रणमा लिन कर्फ्यू आदेश जारी गरिएको बताए । उनका अनुसार पूर्वमा जोकाहा गाउँ, पश्चिममा घिउरा, उत्तरमा रामपुरखाप र दक्षिणमा जयनगरसम्मको क्षेत्रमा अनिश्चितकालसम्मका लागि कर्फ्यू आदेश जारी गरिएको छ ।



दुई पक्षबीच झडपको अवस्था सिर्जना भएपछि स्थिति नियन्त्रणमा लिन कर्फ्यू आदेश जारी गरिएको हो ।

**हिरालाल रेग्मी**
**प्रमुख जिल्ला अधिकारी, रौतहट**

घिउरा गाउँका स्थानीयले सरस्वतीको पूजा गरेर शुक्रबार नजिकको पोखरीमा मूर्ति सेलाउन लैजान लागेपछि अर्को पक्षले डिजे बाजा बजाएको भन्दै अवरोध सिर्जना गरेको थियो ।

त्यसपछि मूर्ति सेलाउन जानेहरुले बाटोमै मूर्ति राखेर बसेका थिए । शनिबार स्थानीय प्रशासनको रोहबरमा दुवै पक्षलाई राखेर साम्प्रदायिक सद्भाव कायम राख्न अनुरोध गर्दै मूर्ति सेलाउन दिने सहमति भएको थियो ।

रौतहटका प्रहरी उपरीक्षक महेन्द्र श्रेष्ठले सरस्वतीको मूर्ति सेलाउन लैजान दिने र डिजे बाजा अर्को बाटोबाट लैजान दिने सहमति भए पनि केही उच्छृंखल व्यक्तिहरुले ढुंगामुढा गरेपछि स्थिति तनावग्रस्त बनेको बताए ।

'अहिलले अनिश्चितकालसम्मका लागि कर्फ्यू आदेश जारी भइसकेको छ,' उनले भने, 'हामी स्थिति नियन्त्रणमा लिँदै दुवै पक्षलाई सम्झाउने प्रयास गरिरहेका छौं ।'

झडपमा दुवै पक्षका मानिसहरु घाइते भए पनि प्रहरीले यसबारे जानकारी दिएको छैन । घटनास्थलमा नेपाल प्रहरीका मधेश प्रदेश प्रमुख डीआईजी यज्ञविनोद पोखेल र सशस्त्र प्रहरीको मधेश प्रदेश प्रमुख डीआईजी »» पृष्ठ २ मा

## मन्त्री ज्वालामाथि नैतिक दबाब

**आरके डिसी / मध्यान्ह**
रौतहट, ५ फागुन ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालामाथि नैतिक दबाब परेको छ । गत पुस १३ गते ललितपुरको बालकुमारीमा दुई जनाको मृत्यु हुने गरी भएको हिंसात्मक घटनाबारे छानबिन गर्न गठित आयोगले भौतिक मन्त्री ज्वालालाई मुख्य दोषी ठहराएपछि उनीमाथि गम्भीर नैतिक प्रश्न खडा भएको हो ।

आयोगले घटनाका मुख्य दोषी करार गरेपछि उनीमाथि राजनीतिक दबाब परेको हो । छानबिन समितिले दोषी देखाएपछि मन्त्री ज्वालाको राजीनामा माग्नेहरु बढेका छन् ।

एमालेका सचेतक महेश बर्तौलाले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै तत्काल ज्वालालाई मन्त्री पदबाट बरखास्त गरिनुपर्ने र प्रचलित कानुन बमोजिम कारबाहीको प्रक्रिया अविलम्ब अगाडि बढाउनुपर्ने बताएका छन् ।



'यदि यति ठूलो घटनाको मुख्य दोषी मन्त्रीलाई चाँही उन्मुक्ति दिने अनि सुरक्षामा खटिएका सिपाहीहरूलाई मात्रै कारबाहीको दायरामा ल्याउने प्रयत्न गरियो भने त्यो कदापी न्यायोचित र स्वीकार्य हुने अवस्था रहँदैन त्यसैले यस सन्दर्भमा अब सम्माननीय प्रधानमन्त्री स्वयम् पनि २४ घन्टे परीक्षामा पर्नुभएको छ हेरौं रिजल्ट कस्तो आउँदो रहेछ' उनले लेखेका छन् ।

रोजगार अनुमति प्रणाली(ईपीएसको परीक्षामा सहभागी हुन पाउनुपर्ने माग गर्दै गत पुस १३ गते ललितपुरको बालकुमारीमा भएको प्रदर्शनका क्रममा भीडले मन्त्री प्रकाश ज्वाला चढेको गाडीमा आगो लगाएको थियो । त्यसपछि प्रहरीले चलाएको गोली लागेर दुई युवकको मृत्युसमेत भयो । »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## जब फेयरलाई बृहत् बनाउने संघको तयारी

### यूएई जब फेयरका लागि सल्लाहकार, मूल समिति र ५ उपसमिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आगामी मार्च महिनाको पहिलो हप्ता यूएईमा हुने रोजगार मेला 'जब फेयर'लाई बृहत्तररुपमा सफल बनाउन सल्लाहकार समिति, मूल समिति र ५ वटा उपसमिति गठन गरेको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीको अध्यक्षतामा फागुन २ गते बसेको संघ कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो ।

यसअघि फागुन ३ गते यूएईमा सम्पन्न गर्ने गरी निर्णय गरिएको जब फेयर आवश्यक तयारी नपुगेको भन्दै करिब तीन हप्ताको समय लम्ब्याएर फागुन १९ गते अर्थात मार्च २ तारिकमा गर्ने गरी नयाँ निर्णय गरिएको हो ।

संघका महासचिव तथा प्रवक्ता मेघनाथ भुर्तेलका अनुसार जब फेयरका लागि पूर्वअध्यक्षहरु, संघका वर्तमान अध्यक्ष र सम्पूर्ण शुभेच्छुक संघ संस्थाका अध्यक्ष रहेको सल्लाहकार समिति गठन गरिएको छ । संघले प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय कोअर्डिनेटर डिक बहादुर खत्रीको संयोजत्वमा मूल समिति गठन गरेको छ । मूल समितिमा द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, सचिव कर्णराज कटुवाल सदस्य रहेको मूल समिति गठन गरेको छ । महासचिव मेघनाथ भुर्तेल मूल समितिको सदस्य सचिव रहेका छन् ।

त्यसैगरी कोषाध्यक्ष सरिता घले संयोजक रहेको आर्थिक उपसमिति गठन गरिएको छ । आर्थिक उपसमितिमा कार्यसमिति सदस्यद्वय सोम बहादुर तामाङ र कैलाश पठाक सदस्य रहेका छन् । संघको कार्यसमिति सदस्य बैकुण्ठ प्रसाद पौडेल संयोजक रहेको प्रचारप्रसार उपसमिति गठन गरिएको छ । उक्त उपसमितिमा कार्यसमिति सदस्द्वय विक्रम श्रेष्ठ र तोरण कुमार कार्की सदस्य रहेका छन् ।

संघले कार्यसमिति सदस्य देवेन्द्र नारायण श्रेष्ठको संयोजकत्वमा प्रेस छपाइ उपसमिति गठन गरेको छ । उक्त उपसमितिमा कार्यसमिति सदस्यद्वय अनिल कुमार राई र देउमान नेङमाङ सदस्य रहेका छन् । त्यस्तै कार्यसमिति सदस्य नारायण भुषाल संयोजक रहेको भ्रमण व्यवस्थापन उपसमिति गठन गरिएको छ । उक्त उपसमितिमा कार्यसमिति सदस्यद्वय आनन्द कोइराला र देवीमाया थापा सदस्य रहेका छन् । »» पृष्ठ २ मा

## राहदानी बनाउन नपाउँदा पोर्चुगलमा २६ सय बढी नेपाली समस्यामा

### राहदानी टोली नआएको गुनासो

**भरत प्रधान / रासस**
लिस्बन, ५ फागुन

वैदेशिक रोजगारीका सिलसिलामा पोर्चुगल आएका नेपालीले राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन नपाउँदा समस्यामा परेका छन् । विभिन्न मुलुक हुँदै पोर्चुगल आएका नेपालीले नयाँ राहदानी बनाउन र नवीकरण गर्न बनाउन नपाउँदा समस्यामा परेका हुन् । राहदानीको समस्याले गर्दा विशेषतः पोर्चुगल बसाइको वैधानिकताका लागि यहाँको अध्यागमन निकाय एकीकरण, आप्रवासन र शरणमा बायोमेट्रिकको तयारीमा रहेका नेपालीहरु बढी मारमा परेका छन् ।

पोर्चुगलमा नेपाली दूतावास स्थापनाका लागि राजदूत नियुक्त भइसकेको भए पनि दूतावास कहिलेसम्म आउने भन्ने तिथिमिति तय भइसकेको छैन । राहदानीलगायतका कागजातसम्बन्धी समस्यामा परेका नेपालीहरुले दूतावास आउन ढिलाइ भए पनि तत्काल राहतका लागि घुम्ती टोलीसम्म पनि नआएको भन्दै गुनासो गरेका छन् ।

राहदानीको म्याद सकिनै लागे पनि नयाँ राहदानी बनाउन »» पृष्ठ २ मा



## ढुक्क...

राष्ट्रिय सभाको अध्यक्ष र उपसभामुख रहने संवैधानिक व्यवस्था छ ।

हाल कांग्रेसको परिषदमा नरहेको र भविष्यमा माओवादीको नरहन सक्ने अवस्था समान भएको तर्क कांग्रेस नेताहरुको छ। उनीहरु कृष्ण सिटौला अध्यक्ष हुने गरी नै राष्ट्रिय सभामा आएको बताउँछन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नै सिटौलाको पक्षमा सकारात्मक भएकाले थप समस्या नहुने राष्ट्रिय सभामा कांग्रेसको संसदीय दलकी सचेतक अनिता देवकोटाको बुझाइ छ । 'राष्ट्रिय सभाको अध्यक्षमा सिटौला दाइको नाम गठबन्धनभित्र टुंगो लागेको भन्ने मेरो बुझाइ छ' उनले भनेकी छन् ।

शान्ति प्रक्रियामा मध्यस्थकर्ताको भूमिका खेलेका सिटौलाप्रति माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समेत नरम रहेको बताइन्छ। प्रचण्डको सदाशयता समेतका आधारमा राष्ट्रिय सभा अध्यक्षमा सिटौला ढुक्क रहेको नेताहरु बताउँछन् । तर उनी गत निर्वाचनमा प्रतिनिधि सभा सदस्यमा पराजित भएका थिए । प्रतिनिधि सभामा पराजित व्यक्तिलाई राष्ट्रिय सभामा लगेको भनी आलोचना समेत हुने गरेको छ ।

## बल्झिरहने...

दिपेन्द्र श्रेष्ठ समेत पुगेका थिए । मूर्ति सेलाउने विषयमा झडप भएपछि अवस्था बिग्रिन नदिन ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । यस गाउँमा पछिल्लो ५ वर्षदेखि मूर्ति सेलाउने विषयमा दुई पक्षबीच झडप हुँदै आएको छ ।

## मन्त्री...

उक्त घटनाबारे छानबिन गर्न गठित पूर्वन्यायाधीश शेखरप्रसाद पौडेल नेतृत्वको आयोगले परिस्थितिको आकलन नगरी र आफ्नै पीएसओको अनुरोधलाई बेवास्ता गर्दै मन्त्री ज्वाला झन्डा हल्लाउँदै घटनास्थल पुगेर परिस्थितिलाई भड्काएको ठहर गरेको हो ।

योसँगै मन्त्री ज्वालामाथि नैतिक दबाब परेको हो । पदीय हैसियतमा रहेका मन्त्रीमाथि नै निर्दोष नागरिकको ज्यान नै गएको घटनामा दोषी देखाउनु सामान्य विषय होइन । दोषी नै ठहर भइसकेपछि मन्त्री ज्वालाले मार्ग प्रशस्त गर्नुपर्ने राजनीतिक दबाब छ । तर, नेपालको राजनीतिमा नैतिकताको आधारमा राजीनामा दिने अभ्यास कम रहेको कतिपयको टिप्पणी रहने गरेको छ । नैतिकताको आधारमा राजीनामा दिएकाहरु पनि पुनः सत्तामा पुग्न कठिन हुने दृष्टान्तका बीच ज्वालाको राजीनामा माग्नेहरु बढेका हुन् ।

## जब...

जब फेयरको आन्तरिक व्यवस्थापन उपसमिति संयोजकमा कार्यसमिति सदस्य राजेन्द्र बस्नेत रहेका छन् । उक्त उपसमितिमा कार्यसमिति सदस्यद्वय चन्द्र बहादुर लिम्बू र सुर्य कुमार श्रेष्ठ सदस्य रहेका छन् ।

यूएईमा रोजगार मेलाको समय आउन दुई हप्ता र केही दिनमात्रै बाँकी रहेकाले सबै संयोजक र सदस्यहरुलाई आफ्नोतर्फको जिम्मेवारीको कामलाई प्राथमिकतामा राखेर अघि बढाउन बैठकले निर्देशन दिएको पनि महासचिव भुर्तेलले बताए ।

यूएईको होटल मरिनामा हुने तय भएको जब फेयरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालय र यूएईस्थित नेपाली दूतावासको सहकार्य रहने संघले बताएको छ । जब फेयरमा यूएईस्थित रोजगारदाताहरु, सबै स्टेटका चेम्बरहरु, इन्डियन इन्भेष्टमेन्ट ग्रुप, सबै बिजनेस कम्युनिटी, एचआर एशोसिएसन र आधिकारिक नेपाली चेम्बर हरुलाई सहभागी गराइने तयारी रहेको पनि महासचिव भुर्तेलले जानकारी दिए । यूएईमा नेपाली कामदारका लागि धेरै क्षेत्रमा रोनगारीको सम्भावना भएपनि बिचौलियाहरुका कारणले समस्या रहेकोले रोजगारदाताहरुसँग नेपाली म्यानपावर व्यवसायीहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न जब फेयर आयोजना गरिएको संघका प्रथम उपाध्यक्ष, अन्तर्राष्ट्रिय कोअर्डिनेटर तथा रोजगार मेला संयोजक खत्रीले बताए । उनले आगामी एक दशकका लागि प्रभाव छोड्ने गरी व्यापक सहभागितामा जब फेयर हुने उल्लेख गरे ।

नेपालले १७ वर्षअघि २००७ को जुन ६ तारिकमा दुबईको ग्रान्ड हयात होटलमा जब फेयर गरेपनि त्यसलाई निरन्तरता दिन सकेको छैन । त्यतिबेला २६ कम्पनीले स्टल राखेर आ-आफ्ना सूचनाहरु प्रवाह गरेका थिए भने वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङले नेपालमा उपलब्ध अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारहरुको बारेमा विस्तृत जानकारी गराएपछि नेपालमा कामदारहरु अदक्ष मात्र उपलब्ध छन् भन्ने यूएईका रोजगारदाताहरुको सोचाइ नै परिवर्तन भएको थियो ।

पछिल्ला महिनाहरुमा यूएई धेरै नेपाली कामदार जाने श्रम गन्तव्य मुलुकको शीर्ष स्थानमा रहेको छ । माघ महिनामा म्यानपावर कम्पनीमार्फत १० हजार ८ सय ६१ जना कामदार गएका थिए भने रिइन्ट्री र अन्य माध्यमबाट गरी १७ हजार बढी नेपाली उक्त मुलुकमा रोजगारीका लागि गएका छन्। यूएई र नेपाल सरकारबीच यसअघि भएको सम्झौताअनुसार नेपाली कामदारको खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्था छ । सम्झौतामा कामदारले कुनै पनि शुल्क भुक्तानी गर्नु नपर्ने भएपनि रोजगारदाताको कमीकमजोरीका कारण कतिपय अवस्थामा शुल्क तिरेर जाने गरेका छन् ।

## राहदानी...

नपाउँदा आफू समस्यामा परेको फ्रान्स हुँदै २० महिनाअघि पोर्चुगल आउनुभएका पोखराका रवि थापाले बताए । 'मेरो राहदानीको म्याद सकिन अब डेढ महिनामात्रै बाँकी छ, मेरा धेरै साथीहरुको पनि राहदानीको म्याद सकिन लागेको छ । हामी यहाँको वैधानिक बसाइका लागि बायोमेट्रिकको पर्खाइमा छौँ । तर राहदानी बनाउन नसक्दा समस्यामा परेका छौँ', थापाले भने । राहदानी बनाउनका लागि जोखिम मोलेरै भए पनि स्पेनको मेड्रिडस्थित रहेको नेपाली दूतावास जाने तयारी गरेको उनले बताए ।

स्याङ्जाका युवराज रोकाको समस्या पनि उस्तै छ । क्रोसिया हुँदै डेढ वर्षअघि पोर्चुगल आएका रोकाको राहदानीको म्याद सकिन दुई महिनामात्रै बाँकी छ । हाल मदेइरामा कार्यरत रहेका उनी राहदानीको म्याद सकिन थालेपछि चिन्तित छन् । राहदानी बनाउन ढिलाइ भए यहाँको कागजी प्रक्रियामा समस्या हुने रोकाले बताए । 'सरकारले छिट्टै टोली पठाइदिए त हामीजस्ता समस्यामा परेकालाई ठूलै राहत हुने थियो', रोकाले भने ।

थापा र रोकाको जस्तै समस्या दाङका जनप्रसाद पुनको पनि छ । पुन पनि राहदानीको म्याद सकिन लागेपछि तनावमा परेको छन् । 'धेरै अघिदेखि टोली आउने भन्ने सुनेको हो, मजस्ता धेरै साथी राहदानी बनाउनका लागि टोलीको पर्खाइमा छौँ', पुनले भने । 'टोली नआउने हो भने त हामी समस्यामा पर्छौं, टोली नआउने नै भए त स्पेन, फ्रान्ससम्म धाएर भए पनि राहदानी त बनाउनैपर्छ, तर ती मुलुकसम्म धाउन पनि वैधानिक कागजात नहुँदा जोखिम मोल्नुपर्ने बाध्यता छ', पुनले अगाडि थपे ।

विगत लामो समयदेखि परिवारसहित पोर्चुगल बस्दै आएका गोरखाका दिनेश श्रेष्ठले पनि राहदानीको म्याद गुज्रेका कारण धेरै सास्ती खेप्नुपरेको सुनाए । दुई छोराछोरी र आफ्नो गरी तीन जनाकै राहदानी बनाउनुपर्ने भए पनि नेपाली दूतावास रहेको छिमेकी मुलुक धाउनैपर्ने बाध्यता भएको उनले बताए । छोराको रेसिडेन्सी कार्डको म्याद सकिएर तीन पटकसम्म समय लिएर नवीकरण गर्न आप्रवासी मामिला हेर्ने सरकारी कार्यालय धाए पनि राहदानीको म्याद नै नभएको भन्दै कार्डसमेत नवीकरण गर्न नसकेको पीडा श्रेष्ठले सुनाए ।

'टोलीको आशमा बस्दा बाबुको कार्डसमेत नवीकरण गर्न सकिनँ, त्यसैले नयाँ राहदानी बनाउनका लागि अहिले स्पेन आएको छु । यहाँ आएर राहदानीसम्बन्धी सबै काम सकाएँ, दुःख पाए पनि अब राहदानी बन्ने ढुक्क भयो', श्रेष्ठले भने ।

लिस्बनमा रहेको अवैतनिक नेपाली महावाणिज्य दूतावासको कार्यालयले दिएको तथ्यांकानुसार राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउने नेपालीको संख्या दुई हजार छ सयभन्दा बढी छ । जसअनुसार दुई हजार ९७ जनाको नवीकरण, चार सय ५० जनाको हराएको र ६५ जना बालबालिकाको नयाँ राहदानी बनाउनुपर्ने आवेदन छ। विशेषगरी पोर्चुगल बसाइको वैधानिकताका लागि यहाँको अध्यागमन कार्यालय एकीकरण, आप्रवासन र शरणमा बायोमेट्रिकको तयारीमा रहेका नेपालीले राहदानी बनाउन नपाउँदा बढी समस्यामा परेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले बताए ।

'हामीले तत्कालको समस्या समाधानका लागि फ्रान्सस्थित दूतावासबाट घुम्ती टोली ल्याउन पहल गरिरहेका छौँ, टोली आउने/नआउनेबारे अहिलेसम्म आधिकारिक जानकारी आइसकेको छैन। तर तत्काल टोली नआउने हो भने त यहाँको वैधानिक बसाइका लागि बायोमेट्रिकको तयारीमा रहेका धेरै नेपालीलाई सस्या हुने अवस्था छ', महावाणिज्यदूत हमालले भने ।

राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन भन्दै धेरै नेपाली दैनिकजसो महावाणिज्य दूतावासको कार्यालय धाउने गरेको र कार्यालय परिसरमा भीडभाड नै लाग्ने गरेको उनले सुनाए । गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष उमेश खड्काले राहदानीसम्बन्धी समस्या समाधानका लागि घुम्ती टोली ल्याउन पहल भइरहेको बताए । 'घुम्ती टोलीका लागि फ्रान्सस्थित नेपाली दूतावास र मन्त्रालयमा पटक-पटक अनुरोध गरेका छौं, तत्कालको राहतका लागि दुई साताका लागि भए पनि टोली ल्याउने हाम्रो पहल जारी छ', खड्काले भने ।

विभिन्न मुलुक हुँदै पोर्चुगल आउने नेपालीको सङ्ख्या बढेसँगै राहदानीलगायतका कागजातसम्बन्धी समस्या पनि बढ्दै गएको छ । पोर्चुगलमा नेपाली दूतावास खुलिनसकेका कारण राहदानी बनाउन छिमेकी मुलुक स्पेन, फ्रान्स, बेल्जियम र डेनमार्कस्थित रहेको नेपाली दूतावाससम्म पुगेर राहदानी बनाउन सकिने व्यवस्था छ। तर राहदानीविहीन नेपालीहरु राहदानी बनाउन स्पेन, फ्रान्स, बेल्जियम र डेनमार्कमा रहेका नेपाली दूतावाससम्म धाउनका लागि वैधानिक कागजात छैन ।

पोर्चुगलमा रहेका नेपालीको समस्याका विषयमा आफू जानकार रहेको र राहदानी बनाउने सन्दर्भमा जतिसक्दो छिटो टोली आउने तयारीमा रहेको फ्रान्सको पेरिसस्थित नेपाली दूतावासका नियोग उपप्रमुख सीता बस्नेतले बताइन् । 'दूतावासबाट पोर्चुगल जाने यसअघि नै हाम्रो कार्यतालिकामा थियो, तर कर्मचारी अभावका कारण त्यो सम्भव भएन', बस्नेतले भनिन् ।

राहदानीसम्बन्धी देखापरेको समस्याका सन्दर्भमा परराष्ट्र मन्त्रालय र राहदानी विभागलाई यसअघि नै पत्राचार गरी जानकारी गराइसकेको उनले बताइन् । 'हामीले पोर्चुगललाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेका छौँ, आवश्यक प्रक्रियाका लागि मन्त्रालयको निर्देशनको पर्खाइमा छौँ', बस्नेतले भनिन् । विभागबाट निर्देशन आएलगत्तै टोली लिस्बन आउने उनको भनाइ छ ।

पछिल्लो समय रोजगारीका सिलसिलामा पोर्चुगल आउने नेपालीको सङ्ख्या बढ्दै गएको छ । पोर्चुगलमा नेपालीको यकिन तथ्यांक नभए पनि अनुमानित ५० देखि ६० हजार हाराहारीमा रहेको अनुमान छ । यसअघि गत वर्ष पनि फ्रान्सस्थित नेपाली दूतावास र राहदानी विभाग काठमाडौंको टोली आएर राजधानी लिस्बनमा करिब एक महिनासम्म राहदानीसम्बन्धी सेवा प्रदान गरेको थियो । उक्त घुम्ती सेवाबाट दुई हजार तीन सय आठ नेपालीको प्रत्यक्ष दर्ता प्रणालीमार्फत विद्युतीय राहदानीका लागि आवेदन संकलन गरिएको थियो ।

### श्री बर्षा सामुदायीक वन उपभोक्ता समुह
### उदयपुरगढी ५ उदयपुरको समुह बाहिर

**काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० मा संकलन गरी घाट गद्दि गरेका लट नम्बर ४ को साल थान १२ को १६९.९८ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

### कर्मचारीबाट हटाइएको बारे अत्यन्त जरुरी ७ दिने सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस पर्सा ओभरसिज प्रा.लि., प्रा. लि.नं. १६९९७८ (इ.नं.१४५०/०७४/७५) मा धादिङ जिल्ला महादेवस्थान ८ बस्ने तारा तामाङ, रौतहट जिल्ला पिपरापोखरिया ७ बस्ने रहमातुल्लाह मिया र उदयपुर जिल्ला तपेश्वरी ७ बस्ने श्याम नारायण चौधरीसमेतका कर्मचारीहरु विभिन्न पदमा कार्यरत रहेको, प्रा.लि.का साविकका सञ्चालकहरु अनन्त राज सिग्देल र विजयनाथ कपालीसमेत २ जनाले निजहरुको नाममा रहेको सम्पूर्ण शेयरहरु बिक्री गरेको र माथि उल्लेखित कर्मचारीहरु समेत निज अनन्त राज सिग्देल र विजयनाथ कपालीसँग आवद्ध भइ काम गरेकोमा उप्रान्त उल्लेखित दुवै जना साविकका शेयरधनीहरु सञ्चालक पदममा बहालसमेत नरहेकाले यस प्रा.लि.को मिति २०८०।११।०३ गते बसेको सञ्चालक समितिको बैठकले निजहरुलाई कर्मचारीबाट हटाएकोले निज उल्लेखित ३ जना कर्मचारीसँग कोही कसैले पनि यस प्रा.लि.सँग सम्बन्धित कुनै पनि काम नगर्न, नगराउनसमेत अनुरोध गर्दछौं । कोही, कसैले निजहरुसँग प्रा.लि.सँग सम्बन्धित कुनै पनि लेनदेन तथा कारोबार गरेको भए आजको मितिले ७ दिनभित्रमा प्रा.लि.मा वा वैदेशिक रोजगार विभागमा प्रमाणसहित सम्पर्क गर्न आउनुहोला। यो सूचनाको बेवास्ता गरी कोही, कसैले प्रा.लि.सँग सम्बन्धित भइ वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि कारोबार गरेमा यस प्रा.लि. जवाफदेही हुने छैन ।

Govt. Lic. No: 1450/074/075

**Parsa Overseas Pvt.Ltd.**

Address: Sinamangal -9 Kathmandu | Tel: 014488592 | Email: parsaoverseas50@gmail.com

## Khajura Rural Municipality
## Office of the Rural Municipal Executive
### Invitation for Sealed Quotations

**First Date of Publication : 2024/02/18**

Khajura Rural Municipality, Office of the Rural Municipal Executive, invites electronic bids from eligible bidders for following Sealed Quotations under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contractsas in the table below. The bid validity period is 45 days from the date of last date of bid submission.

1. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted and Sealed Quotation shall be submitted on or before (2024/03/04)12:00 Noon and Bid shall be opened on the same Submission date for Sealed Quotation at 14:00 Noon at Employer's Office: Khajura Rural Municipality, Banke.
2. Eligible Bidders may obtain the further in format ion from Khajura Rura l Municipality, Office of the Rural Municipal Executive, Banke or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
3. Bidders should deposit cost of bidding document on the Aantarik Rajaswa Khata of Khajura Rural Municipality, Banke and upload the scanned copy (PDF format) of the bank deposit Voucher.
   Account Name: Antarik Rajaswa Khata Account Number:Ga.1.1(1112051498621003)
   Name of the Bank :NIC Asia Bank, Khajura, Banke
4. Bid Security (Cash/BidBond) should be deposited in Dharauti Khata of Khajura Rural Municipality, Banke. Account Name: Dharauti Khata
   Account Number: ga.3.(B141498621524004) Name of the Bank :NIC Asia Bank, Khajura, Banke
5. If the last date of bid submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
6. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.

| S. No | Contract Number | Contract Name | Estimated Amount without VAT, PS & Contingencies | Bid Security | Bid Doc fee |
|---|---|---|---|---|---|
| 1 | KRM/SQ/ GOODS/20/2080-81 | Procurement, Installation & Commissioning of Medical Equipment | 731266.70 | 21500 | 1000 |
| 2 | KRM/SQ/ GOODS/21/2080-81 | Procurement of Civil Lab Equipment | 359300 | 10500 | 1000 |
| 3 | KRM/SQ/ GOODS/22/2080-81 | Procurement of Supply and Delivery of Medicines | 1298730 | 32500 | 1000 |

**Chief Administrative Officer**

## Khajura Rural Municipality
## Office of the Rural Municipal Executive
### Invitation for Sealed Quotations

**Second Date of Publication : 2024/02/18**

1. Khajura Rural Municipality, Office of the Rural Municipal Executive, invites electronic bids from eligible bidders for following Sealed Quotations under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contractsas in the table below. The bid validity period is 45 days from the date of last date of bid submission.
2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted and Sealed Quotation shall be submitted on or before (2024/03/04) 12:00 Noon and Bid shall be opened on the same Submission date for Sealed Quotation at 14:00 Noon at Employer's Office: Khajura Rural Municipality, Banke.
3. Eligible Bidders may obtain the further in format ion from Khajura Rural Municipality, Office of the Rural Municipal Executive, Banke or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bidders should deposit cost of bidding document on the Aantarik Rajaswa Khata of Khajura Rural Municipality, Banke and upload the scanned copy (PDF format) of the bank deposit Voucher.
   Account Name: Antarik Rajaswa Khata Account Number:Ga.1.1(1112051498621003)
   Name of the Bank :NIC Asia Bank, Khajura, Banke
5. Bid Security (Cash/BidBond) shouldbe deposited in Dharauti Khata of Khajura Rural Municipality, Banke. Account Name: Dharauti Khata
   Account Number: ga.3.(B141498621524004) Name of the Bank :NIC Asia Bank, Khajura, Banke
6. If the last date of bid submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.

| S. No | Contract Number | Contract Name | Estimated Amount without VAT, PS & Contingencies | Bid Security | Bid Doc fee |
|---|---|---|---|---|---|
| 1 | KRM/SQ/WORKS/ 11/2080-81 | Jathi nala pul rw aadarbhut swastha kandra bhawan samma tatbandhan | 1727819.67 | 50000 | 1000 |
| 2 | KRM/SQ/WORKS/ 12/2080-81 | Puraina ma chamber ra sichai kulo nirman @ Ward No 6 | 689165.48 | 20000 | 1000 |

**Chief Administrative Officer**

### कुवेत र ओमानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL SABAH GROUP SUPERMARKET/SABAH INTERNATIONAL CENTRAL MARKET GROUP शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.:६०२१५०७२ LT. No.: 300153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fun Park Workers | 0 | 6 | सम्बन्धित काममा दक्ष | 120 | ५१,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | hairdresser / Nail Cutter | 2 | 2 | | 150 | ६४,५३९ | | | | | | | |

कम्पनी : UMM ZAHRA BEAUTY शहरः Oman, Al Suwaiq
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०७१ LT. No.: 300174

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ५८,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | manicurist | 0 | 1 | | 170 | ५८,८९२ | | | | | | | |
| 3. | meaker-up | 0 | 1 | | 170 | ५८,८९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075

Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171,

### कुबेतमा रोजगार

कम्पनी: HOT ENGINEERING & CONSTRUCTION CO.
शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०७४ LT. No.: 300200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/labour (Indoor) | 75 | 0 | स. काममा दक्ष | 90 | ३८,७२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**

Gov. lic. No. 793/065/66

सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203, 9855051203

मध्यान्ह
www.madhyanhadaily.com



# शैक्षिक सुधारमा छत्रदेव गाउँपालिका

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ फागन

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले विधालयहरुको शैक्षिक सुधार गर्ने उद्देश्यले अहिले कक्षा नर्सरीदेखि कक्षा ५ सम्म अनिवार्य अंग्रेजी शिक्षा लागू गरेको छ ।

सामुदायिक विद्यालयहरु २०७४को स्थानीय तहको निर्वाचनपछि स्थानीय सरकारको मातहत गएपछि स्थानीय सरकारले नियन्त्रण नियमन गर्ने गर्छन् ।

सामुदायिक विद्यालयको गुणस्तर सुधार्नेतर्फ अर्घाखाँचीका धेरै स्थानीय तहहरु नलागि रहेको अवस्थामा छत्रदेव गाउँपालिकाले शिक्षाको गुणस्तरियता सामुदायिक विद्यालयमा खस्किँदै गएको नतिजालाई सुधार्नेतर्फ लागिपरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेले बताए । छत्रदेवभित्रका सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि गाउँपालिकाले पनि निकै मिहिनेत गरिरहेको छ। २०७४ मा स्थानीय तहको निर्वाचन भएर जनप्रतिनिधि आइसकेपछि सुरुवातको कामका रूपमा नै गाउँपालिका अन्तर्गत रहेका विद्यालयमा अंग्रेजी माध्यममा पढाउने कामको थालनी गरेको गाउँपालिकाका पूर्व अध्यक्ष लेखनाथ पोखेलले बताए ।

गाउँपालिका शिक्षा शाखा प्रमुख बुद्धिराम न्यौपानेका अनुसार शिक्षा क्षेत्रमा गाउँपालिकाले अंग्रेजी माध्यमबाट शिक्षा दिने निर्णय गरेर कार्यक्रम अघि बढाएपछि विधालयमा पठनपाठन समेत सुधार भएको छ । छत्रदेवमा ३७ वटा सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अंग्रेजी माध्यममा पढाइ हुने गरेको छ। शिक्षा शाखा प्रमुख न्यौपानेले भने, 'विधालयमा अहिले उपलब्ध जनशक्तिलाई नै परिचालन गरेर पढाउने गरिरहेका छौं। यो निकै प्रभावकारी छ।'




छत्रदेवमा पाठ्यपुस्तक गाउँपालिकाले उपलब्ध गराउने गरिरहेको छ । गुणस्तर सुधारको लागि अध्यक्ष उपाध्यक्ष लगाएतका जनप्रतिनिधि प्रमुख प्रशासकीय अधिकृतले अनुगमन गरिरहेको गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए ।

छत्रदेव गाउँपालिकामा विकासले फड्को मारेको स्थानीय जनप्रतिनिधिहरु बताउँछन् । गाउँपालिकाभित्र काठका पोल हटाएर पक्की पोलहरू राखेर विद्युत् लाइन विस्तार गरिएको र बिजुली सोलार बत्तिको कुनै समस्या नभएको दलित उज्यालो घर कार्यक्रम प्रभावकारी भएको गाउँपालिका योजना शाखाका अधिकृत शिव बर्मा बताउँछन् ।

'गाउँपालिकाभित्र प्राथमिक स्वास्थ्य केन्द्रसहित एमबिबिएस डाक्टरले सेवा दिइरहेका छन्। १५ शैय्याको अस्पताल निर्माणको काम भइरहेको छ। वडा तहमा सबै स्वास्थ्य क्षेत्रमा स्वास्थ्य संस्थाका भवन बनेका छन्' जहाँबाट स्वास्थ्य सेवा प्रदान हुँदै आएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुखले बताए ।

गाउँपालिकाले युवा लक्षित महिला लक्षित दलित लक्षित जनजाति लक्षित विभिन्न कार्यक्रम गरि जनचेतना मुलक कार्यक्रम गरिरहेको गाउँपालिका उपाध्यक्ष मनि पन्थी बताउँछिन् ।

गाउँपालिकाले युवा लक्षित कर्भडहल निर्माण गरेको छ भने जिल्लामै उत्कृष्ट सुविधा सम्पन्न क्रिकेट रंगशाला रातापोखरामा निर्माण गरेपछि खेलाडिहरु उत्पादन हुने क्रम जारी छ ।

सडक यातायात अन्तर्गत पनि बाटो ग्राभेल गर्नेदेखि नयाँ सडकको ट्याक खोल्ने लगायतका कामहरू पनि निरन्तर चलिरहेका छन्। अहिले छत्रदेव १ खुर्सानी डाडादेखि वडा कार्यालयसम्मको गौरवको सडक निर्माण कार्य द्रुत ततिमा अगाडि बढिरहेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेले बताए ।

८ वटा वडामा विभाजित रहेको गाउँपालिकाका सबै आफ्नै सुविधा सम्पन्न वडा कार्यालयहरू निर्माण भएर वडाको सेवा समेत वडाबाट दिने गरिएको प्रमुख घिमिरेले जानकारी दिए ।

छत्रदेव गाउँपालिकाको बहुउद्देश्यीय सभा हल निर्माण भएर सञ्चालन भएको छ भने प्रशासकीय भवन निर्माणको चरणमा नै रहेको छ । यो प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा पुगेको भएपनि निर्माण व्यवसायीले समयमा काम नसक्दा अझै कार्यालय पुरानै भवनमा छ । गाउँपालिकामा दरबन्दी अनुसारको कर्मचारी नहुँदा भने गाउँपालिकाको सेवा प्रवाहमा कठिनाइ झेल्नु परेको प्रमुख प्रशासकीय अधिकृत घिमिरे बताउँछन् ।

थोरै जनशक्ति भएपनि पनि गाउँपालिकाले उत्कृष्ट रूपमा काम गरेको स्थानीयबासी बताउँछन् ।

कार्यालयमा अतिरिक्त समय दिएर भएपनि कर्मचारीबाट प्रभावकारी रूपमा काम भइरहेको छ। छत्र महाराजको मन्दिर र छत्र महाराज बसेको स्थान भएकोले यसको नाम छत्रदेव गाउँपालिका राखिएको हो। धार्मिक क्षेत्र भएका कारणले यहाँको धार्मिक पर्यटन र धार्मिक क्षेत्रको संरक्षण र सम्बर्द्धनमा पनि गाउँपालिकाले हरेक वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको गाउँपालिका अध्यक्ष श्रेष्ठ बताउँछन् ।

गाउँपालिकाभित्र खानेपानी र सिँचाइको ठूलो समस्या रहेको छ । यो समस्या समाधानका लागि विभिन्न स्थानमा खानेपानीको आयोजना निर्माण लगायतका कामहरू पनि भइरहेको गाउँपालिकाका प्रशासकीय अधिकृत घिमिरे बताउँछन् ।

आर्थिक समृद्धिको लागि खानेपानी र सिँचाइको आवश्यकतालाई ध्यानमा राखेर विभिन्न योजना सञ्चालन भइरहेका छन् । युवा उद्यमशीलता वृद्धि गर्ने पशु/कृषिमा आकर्षण वृद्धि गर्ने लक्ष्यका साथ गाउँपालिका अगाडि बढ्दै छ । ८ वटै वडामा अवस्थित धार्मिक स्थल, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था, पूर्वाधार विकास, क्षमता अभिवृद्धि, जनस्तरबाटै अपनत्वयुक्त कार्य योजनासहितको लक्ष्यसहित नीति, बजेट तथा कार्यक्रमलाई अगाडि बढाएको गाउँपालिकाका अध्यक्ष श्रेष्ठको भनाइ छ।

# कालीकोटमा दादुरा र रुबेलाविरुद्धको खोप लगाइँदै

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ५ फागुन

कालीकोटका १७ हजार बालबालिकालाई दादुरा र रुबेलाविरुद्धको खोप लगाइँदै छ। ९ महिनादेखि ५ वर्षसम्मका १७ हजार ४ सय ३८ बालबालिकालाई खोप लगाइने स्वास्थ्य सेवा कार्यालय कालीकोटले जानकारी दिएको छ।

फागुन १३ गतेदेखि १५ गतेसम्म पहिलो चरण र १७ गतेदेखि १९ गतेसम्म दोस्रो चरण गरी २ चरणमा खोप अभियान सञ्चालन गर्न लागिएको जनस्वास्थ्य अधिकृत कटक बहादुर महतले जानकारी दिए । उनका अनुसार पहिलो चरणमा जिल्लाको खाँडाचक्र नगरपालिका, पलाता गाउँपालिका, नरहरिनाथ गाउँपालिका, महावै गाउँपालिका र तिलागुफा नगरपालिकामा खोप अभियान सञ्चालन गरिनेछ भने दोस्रो चरणमा रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका, पचालझरना गाउँपालिका र



शुभकालिका गाउँपालिकामा खोप अभियान सञ्चालन गरिने छ।

खोप अभियान सञ्चालनका लागि जिल्लाका ९ वटा पालिकाका विभिन्न स्थानमा २ सय २७ वटाभन्दा बढी खोप केन्द्र तोकिएको छ।

सरकारले आगामी फागुन महिनादेखि देशभर दादुरा र रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गर्ने निर्णय गरेसँगै स्वास्थ्य सेवा कार्यलय कालीकोटले पनि आवश्यक तयारी थालेको निमित्त स्वास्थ्य व्यवस्थापक डाक्टर संकेत विश्वकर्माले बताए । बालबालिकाई पूर्ण खोप नलगाउँदा बेलाबेलामा दादुरा रुबेला महामारीका रुपमा देखा पर्छन्। यो सबैभन्दा बढी संक्रमक रोग हो । यो रोग लागेमा एक जना बिरामीले धेरै जनालाई सार्न सक्ने भएकाले खोप अभियान सञ्चालन गर्दा प्रभावकारी हुने डा.विश्वकर्माको भनाइ छ।

# 'दलित अधिकारका लागि एकीकृत भएर लड्नुपर्छ'

**काठमाडौं/मस–** समुदायले अझै पनि उत्पीडनको जाँतोबाट मुक्त हुन देशका सबै दलित एकजुट भएर निर्णायक लडाईको आवश्यकता भएको वक्ताहरुले धारणा राखेका छन् । शनिबार राजधानीको संवाद डबलीमा समता समाज नेपालले समाजवादी आन्दोलनमा दलित विमर्श बिषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले ६० लाखको विशाल बाहुल्यता भएको दलित समुदाय एक हुने सुत्र खोज्नुपर्नेसमेत बताए ।

नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेश संसदीय दलका सचेतक रणसिंह परियारले दलितले आफ्नो अधिकारको लागि एकजुट नहुँदा उत्पीडन खेप्नु परेको बताएका छन् । पार्टीका केन्द्रीय सदस्यसमेत रहेका परियारले जुनसुकै पार्टीमा रहेपनि दलित अधिकारको लागि एकीकृत भएर लड्नुपर्ने धारणा राखेका छन्। परियारले १३ सयभन्दा बढी दलितले वर्तमान परिवर्तनका खातिर जनयुद्धमा बलिदान गरेर ल्याएको आजको व्यबस्थामा पनि दलितहरुले कहाली लाग्दो उत्पीडन खेप्नु परेकोमा दुःख व्यक्त गरे ।

पहिचानवादी नेता आङ्काजी शेर्पाले देशमा विशाल संख्यासहितको बाहुल्यता भएको दलित समुदाय एकजुट नभएका कारण अधिकारबाट च्यूत भएको जिकिर गरे। आदिवासी जनजाति महासंघका पूर्व महासचिवसमेत रहेका शेर्पाले अधिकार मागेर नभइ बरु खोस्नुपर्ने बताउँदै भने,'लातका भूत बात से नहीमान्ता' भनेजस्तै जनयुद्धमा जस्तै सेना बनाएर लड्ने आँट गर्नुस्।'

शेर्पाले देशका हरेक पार्टीमा दलितहरु भाग खानलाई बस्नु गलत भएको बताउँदै भने,' तपाईहरु कांग्रेस,माओवादी र एमालेका झोले भएर बसे कहिल्यै अधिकार पाउनुहुन्न, तपाईहरुले पनि पार्टी खोल्नुस्।' पूर्व राजदूत




डा.निर्मल विश्वकर्माले नेपालका कम्युनिस्टहरुले साम्यवादको नारा दिएर लडे पनि संघर्षपछि उनिहरु सामन्ति व्यवस्थाका पूजारी भएको आरोप लगाएका छन्। विश्वकर्माले संविधानमा समाजवाद उन्मुख भनिए पनि त्यतातिर भन्दा उल्टो तिर लागेको जिकीर गरे । कम्युनिस्टहरुले जसको जोत उसैको पोत भन्ने नारा दिएपनि झन उनिहरु सत्ता र शक्तिमा पुगेर नवसामन्त र जमिन्दार बन्ने गरेको आरोप लगाए। जनता समाजवादी पार्टीका पोलिटब्यूरो सदस्य चन्देश्वर पासवानले एकल ब्राह्मणवादी नेपाली समाजको रुपान्तरणको लागि चाँडै मधेशमा बिद्रोह हुने चेतावनी दिए।

संयूक्त नागरिक पार्टीका अध्यक्ष दलमर्दन कामीले २००३ सालदेखि नेपाली कांग्रेस र ६ सालदेखि कम्युनिस्टको नाममा हिन्दु वर्णाश्रम व्यवस्थाको कारण दलित उत्पीडनको जाँतोमा पिसिरहेको बताए। कम्युनिस्टहरु साम्यवादको ढ्वाङ फूकेर सामान्ति र दलाल व्यवस्थाका हिमायति भएको आरोप लगाए । समता समाज नेपालका अध्यक्ष गोपाल बहादुर वि.कले मनुवादी जात व्यवस्थाको कारण दलित समुदाय सबैभन्दा बढी मारमा परेको बताए । वि.कले २१औं शताब्दीमा जनावरको अधिकार रक्षाको कुराको कुरा उठिरहँदा दलितलाई त्यो भन्दा मुनिको ब्यवहार खेप्नु दुर्भाग्य भएको बताए । सो समाजका उपमहासचिव मनिस बर्देवाले समाजवाद उन्मुख संविधान बनाए पनि त्यसको कार्यान्वयनका लागि पुनः दलित बिद्रोहको आवश्यकता रहेको बताए । परिसंघ भारतका राष्ट्रिय सचिब अधिवक्ता सुनिल मेहरा भारतका भिमराव अम्बेटकर सम्पूर्ण दलित समुदायको लागि एक आदर्श पात्र भएको बताए ।

भारतको परिसंघ दिल्लीका महासचिव डा.ओम सुधाले हिन्दुवादी जातिय वर्णव्यवस्थाको कारण सम्पूर्ण दलितले चाहे भारत या चाहे नेपालमा ठूलो कष्ट भोग्नु परेको बतए । भारतको भिमसैनिक दलका अध्यक्ष चन्दन कुमार पासवान आफूहरुले भारत होस् या नेपाल दुबै देशमा कथित उच र निच जातिय व्यवस्थाबाट उत्पीडित जनताको लागि आवाज उठाइरहेको बताउँदै भने,'देश होस् चाहे विदेश सबैतिरका दलित एक भएर लड्नुको विकल्प छैन।'

श्रमीक जनता पार्टी अध्यक्ष दुर्गा बराईली जहिले पनि सत्ता र शक्तिमा ब्राह्मणहरु हावी हुने र दलितलाई झनै उत्पीडन दिने भएकोले लडाई त्यतैतिर तेर्स्याउन जरुरी भएको बताए ।

तराई मधेश-महिला फाउण्डेसन नेपालकी अध्यक्ष सुनिता साहले हरेक दलित जागरुक बनेको खण्डमा वर्तमान उत्पीडनरुपी समाजको रुपरेखा बदल्न सकिने बताइन् ।

## यूएईमा रोजगारको अवसर

कम्पनी: A K BARBERSHOP
शहर: UAE,ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/११/०५ चलानी नं.: ६०२१५०६८ LT. No.: 300207

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 6 | | 1500 | ५४,१२० | | | | | | | |

२. कम्पनी : A K BARBERSHOP कम्पनी : UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०५ चलानी नं.: ६०२१५०६९ LT. No.: 300208

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 8 | | 1500 | ५४,१२० | | | | | | | |
| 3. | Masseurs | 0 | 3 | | 1500 | ५४,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Frontline Recruitment Pvt. Ltd.
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## युएईमा रोजगार

कम्पनी : INNOVO BUILD LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०७/२२ चलानी नं.: ६०२०९९४८ LT. No.:294875 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer Assistant | 21 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Assistant | 23 | 0 | | 1000 | ३६,०८० | | | | | | | |
| 3. | Reinforcing Assistant | 29 | 0 | | 1000 | ३६,०८० | | | | | | | |

अन्तर्वार्ता पिस ट्रेनिङ सेन्टर, ग्वार्को, ललितपुरमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## KUWAIT मा रोजगार

कम्पनी : DRYOL EXPRESS COMPANY FOR DELIVERING CONSUMER ORDERS
शहर: KUWAIT

पुर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४४९९ L.T. No.: 299539 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 50 | 0 | स. काममा दक्ष | 135 | ५८,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOOD SPA CO FOR MAN HEALTH WLL शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८०/०८/०७ चलानी नं.: ६०२१०३७१ L.T. No.: 295120 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners / Helpers | 25 | 0 | स. काममा दक्ष | 120 | ५१,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4581383
Mob.: 9702046184.
Gov. Lic. No. 1422/074/075
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

## कर्जन्हा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कर्जन्हा, सिरहा, मधेश प्रदेश**

### बोलपत्र स्वीकृतिको आशयको सूचना

**प्रकाशित मितिः २०८०.११.०६ गते**

यस कर्जन्हा नगरपालिकाको कार्यालयबाट मिति २०८०-०९-२७ गते प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ३ अनुसार जानकारी गराउन र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्न आशयको सूचना सम्बंधित बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिलः–**

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कबोल रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| 1 | KM-NCB-002-2080-081 | Ward No. 11 Ko Samudayik Bhawan Nirman | Aashi Construction & Suppliers Pvt. Ltd., Suyrabinayak, Bhaktapur | २४,३७,८८२.११ |
| 2 | KM-NCB-03-2080-081 | Construction of Ward Office Building, Ward no. 1, Karjanha | Aashi Construction & Suppliers Pvt. Ltd., Suyrabinayak, Bhaktapur | ५८,६१,७०५.६९ |
| 3 | KM-NCB-004-2080-081 | Swasthya Chauki Nirman Ward no. 9 | Chandra Consultancy & Construction Company, Mirchaiya | १९,४८,२३९.६२ |



मध्यान्ह
www.madhyanhadaily.com
६ फागुन २०८०, आइतबार
18 February 2024, Sunday

## सम्पादकीय

# प्रचण्ड संयोजक मात्रै !

राजनीतिक समीकरण निर्माण गर्न र सत्तामा आफ्नो पार्टीलाई राखिरहन सफल देखिएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमा नलुकेको सत्य हो, उनी मनमा कुरा राख्न सक्दैनन् । विशेषगरी आउने दिनमा गर्ने निर्णयबारे उनी पहिल्यै सार्वजनिक अभिव्यक्ति दिइहाल्छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्रीमा यस्तो प्रवृत्ति शान्ति प्रक्रियामा आएपछि देखिन थालेको हो । समकालीन शीर्ष नेताहरूबीच गोप्य रूपमा जुट्ने सहमति लगभग प्रचण्डबाटै सार्वजनिक हुने गरेको देखिन्छ । राजनीतिक शक्ति संघर्षका क्रममा देखिने त्यस्तो प्रवृत्ति पछिल्लो समय सत्ता परिस्थितिको विश्लेषण गर्दा पनि लुकाउन छोडेका छन् । १–३ फागुनमा राजधनीको प्रज्ञाभवनमा सम्पन्न माओवादी केन्द्रको विधान महाधिवेशनमा दिएको एक अभिव्यक्तिलाई प्रचण्डले मनमा लागेको कुरा नलुकाएको तथ्यकै रूपमा बुझ्न सकिन्छ ।

त्यसदिन प्रधानमन्त्री प्रचण्डले आफू सरकारको संयोजक जस्तो मात्रै देखिएको अभिव्यक्ति दिएका थिए । मन्त्रीहरूलाई उनीहरूकै दलका नेतृत्वले चलाइरहेकाले आफू मन्त्रिपरिषद्को संयोजक जस्तो मात्रै देखिएको बताएका थिए । आफूले हटाउन खोजेको मन्त्रीलाई सम्बन्धित दलको नेतृत्वले नदिएपछि प्रधानमन्त्री प्रचण्डले त्यस्तो अभिव्यक्ति दिएको अनुमान गर्न सकिन्छ । किनकि सरकारको वर्षदिन पुगिरहँदा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठनको संकेत दिएका थिए । तर केही समय यता गठबन्धनका नेताहरूले मन्त्रिपरिषद् पुनर्गठन नहुने सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । जबकी मन्त्री र मन्त्रालय छनोटको अधिकार प्रधानमन्त्रीमा रहने संवैधानिक र राजनीतिक प्रणाली विद्यमान छ । तर प्रधानमन्त्री प्रचण्डले मन्त्रीहरूलाई चलाउन सक्ने अवस्था देखिदैन । यदि प्रधानमन्त्रीले मन्त्रीहरूलाई चलाउन सक्ने भए नेकपा एकीकृत समाजवादीका नेता प्रकाश ज्वाला अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्री हुने थिएनन् । किनकि बालकुमारी घटनामा उनी दोषी देखिएका छन् ।

गत १३ पुसमा बालकुमारीमा दुई युवकको ज्यान जानुमा मन्त्री ज्वाला कारण रहेको प्रतिवेदन उक्त घटनाको छानबीन गर्न गठित आयोगले बुझाएको छ । त्यसदिन कोरिया भाषा परीक्षामा सामेल हुन पाउनुपर्ने भन्दै विद्यार्थीहरूले गरेको प्रदर्शनमा गोली चलेको थियो । प्रहरीको गोली लागेर दुई युवकको मृत्यु भएको थियो । त्यसपछि गठित आयोगले प्रहरीले गोली चलाउनुपर्ने कारणका रूपमा मन्त्री ज्वालालाई दोषी ठहर गरेको छ । तर यस्तो प्रतिवेदन तयार भइसक्दा पनि प्रधानमन्त्री प्रचण्डले मन्त्री ज्वालालाई केही गर्न सकेको देखिदैन । अर्थात् प्रचण्डले नलुकाइ दिएको सार्वजनिक अभिव्यक्ति जस्तै प्रधानमन्त्री मन्त्रिपरिषद्को संयोजककै हैसियतमा रहेको बुझ्न गाह्रो पर्दैन । तर यस्तो प्रधानमन्त्री र सरकारबाट जनताको आकांक्षा पुरा हुन सक्दैन । तसर्थ प्रधानमन्त्री प्रचण्डले मन्त्रीहरूको मूल्यांकनको जिम्मेवारी लिने अथवा मार्ग प्रशस्त गरिदिने एउटा निर्णय लिनैपर्छ ।

# अर्थतन्त्रको वास्तविक अवस्था

*मुलुक आफूले उद्योग धन्दा चलाउने वा उत्पादन गर्नेभन्दा विदेशी सामान आयात गर्न उत्साहित देखिन्छ । मुलुक व्यापारमुखी बनेको छ । जुन ढंगले मुलुकको आर्थिक संरचना विकास भएको छ, यसले आत्मनिर्भता प्राप्त गर्न सक्दैन । यो परिपाटीले अर्थतन्त्र वास्तविकरूपमा सधैं सकसमा रहिरहन्छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'




देशमा बजेट आउन थालेको सात दशक नाघिसकेको छ । तर, बजेट अझै सुधार होइन बिग्रँदै छ । हालै विश्व भन्सार दिवस भव्य कार्यक्रमका साथ मनाइयो पनि । विश्वका कैयन देशहरू आफ्ना उत्पादनहरू निकासीबाट भन्सार राजस्व वृद्धि गर्न तल्लिन् छन् । हामी पनि भन्सार राजस्वमा मख्ख छौं तर, निकासीबाट होइन, आयातबाट भन्सार राजस्व बढ्दा । नाना, खाना, छानाका सामान र खासगरी दैनिकी प्रयोगमा आउने चर्को आयातनको पेट्रोलियम पदार्थको आयातको भन्सार राजस्वबाट हामी अझ उत्साहित छौं, हाम्रो सरकार त्यसैमा मख्ख छ । धान उत्पादन वृद्धि हुँदा चामल महँगिने देश हो हाम्रो, भारतले भन्सार दर बढाइदिनाले । चामल पनि भन्सार छलेर अर्कै बाटोबाट पनि आउने गरेको छ । राजस्व घाटामा चलेको हाम्रो देश भन्सारबिन्दुको व्यापारघाटामा चलेको मात्रै होइन आन्तरिक र विदेशी ऋणमा चुर्लुम्मै डुबेको छ । त्यसो त हामी विश्व व्यापार संगठनका सदस्य पनि हौं र बिम्स्टेक, साफ्टा, सार्क जस्ता कैयन संघ, अन्तर्राष्ट्रिय संगठनका सदस्य छौं, हाम्रा उत्पादनको विश्व मार्ग खुल्ला छ र पनि निर्यात गर्ने सामान अत्यन्त न्यून र आयातका भरमा हाम्रो जीवन चक्र चलेको छ ।

संसारमै कम आर्थिक वृद्धि हुने देश हाम्रै भएको छ र दक्षिण एसियाकै कुरा गर्दा पनि तेस्रो कम आर्थिक वृद्धि गर्ने देश भएको छ । विगत वर्षको आर्थिक वृद्धिदर सरकारी आकंलन ७ प्रतिशतको हुँदा आर्थिक वृद्धिदरलाई विश्व बैंकले ३:९ प्रतिशतमा झारिदिएको थियो । त्यसो त परिवर्तनका ७ दशकको अध्ययन गर्ने हो भने औसत आर्थिक वृद्धि दुई/तीन प्रतिशत ननाघेको इतिहास छ । चालु पन्ध्रौं योजनाको आधार वर्षको आर्थिक वृद्धिदर साँढे आठ प्रतिशतको आकंलन गरिरहँदा २:४ प्रतिशतले ऋणात्मक थियो । बाँकी दोस्रो र तेस्रो वर्षको आर्थिक वृद्धिदर पनि क्रमशः ३:८ र ५:५ प्रतिशत नाघेको देखिएन । विगत तीन वर्षको औसत आर्थिक वृद्धिदर २:५ प्रतिशत भएको पन्ध्रौं योजनाको मध्यावधि समीक्षाले देखाएको छ । र, गत वर्ष देशमा ठूला दुई निर्वाचन भएकाले पूँजीगत खर्च निराशाजनक भयो, यो क्रम अहिले पनि जारी छ र आव ०८०/०८१ को बजेट मध्यावधि समीक्षा गर्दा पनि १६:३ प्रतिशत नाघेन, जब कि चालु खर्च यति बेला ३८:३१ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २६:२ प्रतिशत खर्च भइसकेको सरकारी आँकडा आएको छ ।

चालु वर्षको राजस्व लक्ष्य १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख हो, पौषसम्म ३५:१९ प्रतिशत भनौं ५ खर्ब १८ अर्ब १५ करोड ५६ लाख उठेको छ र यसमा कर राजस्व ३३:९८ प्रतिशत र गैर कर राजस्व ४५:२३ प्रतिशत छ । चालु योजनाकै समीक्षा हेर्दा, कृषिको औसत लक्ष्य ५:४ मा २:५ मात्र हात लागेको छ, उद्योग क्षेत्रको प्रगति १५ प्रतिशतको वृद्धिको लक्ष्य लिँदा मात्र ३:५ प्रतिशत हात लागेको छ । सेवा क्षेत्रको उपलब्धि औसत ९:४ को लक्ष्य लिँदा औसत १:८ प्रतिशत मात्र हात लागेको छ । जिडिपिमा गैरकृषि क्षेत्रको योगदान बढ्दै गएको, कृषिको योगदान घट्दै गएको देखिन्छ । गैरकृषि क्षेत्रको योगदान ६१:१६ प्रतिशत देखिएको छ, कृषिको योगदान घटेर गैरकृषि क्षेत्रको योगदान बढ्नु भनेको आर्थिक असमानताको वृद्धि हुनु हो । सामाजिक क्षेत्रको सूचकांक केही आशाप्रद देखिएको छ, भनौं पाँच वर्षमुनिका बालबालिकाहरूको मृत्युदर घटेको, किशोरीहरूको प्रजननदर घटेको, आधारभूत शिक्षामा भर्ना दरको वृद्धि, इन्टरनेट र विद्युत् प्रयोगको संख्या वृद्धि, मानव सूचकांकमा बढोत्तरी, खानेपानी सेवामा केही वृद्धि देखिएको छ तर, साथसाथै विकास खर्चमा बढोत्तरी हुन सकेको छैन, केही भए पनि वर्षान्तरमा मात्र भएको दखिन्छ । सार्वजनिक खरीद प्रणाली झन्झटिलो हुनु अनुगमन र समन्वयमा जटिलताहरू देखिनु, सार्वजनिक जवाफदेहिताको कमी हुनु देशका परम्परागत समस्याहरू हुन् । यिनले के संकेत दिन्छन् भने हामी आत्मनिर्भर छैनौं र आयातित सामानका कारण बढ्ने भन्सार राजस्वमा मख्ख छौं ।

देशले आयात प्रतिस्थापन गर्न मनग्गे उद्योग विस्तार गर्नुपर्छ, कृषि उत्पादन र उत्पादकत्वमा भारी वृद्धि गर्नुपर्छ । रासायनिक मलको सहजता, राम्रो बीउ बीजन समयमै उपलब्धता, सिँचाइको पर्याप्तता र उत्पादित सामानको भण्डारण र बजारीकरणमा ध्यान जानु जरुरी छ । दिगो विकासको लक्ष्य प्राप्तिमा पनि देश पछाडि नै छ । यी सबै काम नेतृत्वले गर्ने हो, नीति तय र प्रभावकारी कार्यान्वयन पनि । २०४६ साल अघिसम्म यहाँबाट विदेशमा हाम्रा सामान धेरै निकासी हुन्थ्यो । भनौं धान, चामल समेत निकासी हुन्थ्यो, साठीको दशकसम्म त थुप्रै कलात्मक गलैंचा, तयारी पोशाक थुप्रै निकासी गरिएको हो र सन् २००३ लाई हामीले खुलेर निर्यात वर्ष पनि मनाएका हौं । देशमा धेरै अरु ठूला राजनैतिक परिवर्तन भए, तर आर्थिक परिवर्तन भएन, बरु विदेसिने नेपालीको संख्या बढ्दैछ र प्राप्त विप्रेषण रकमले देशको अर्थतन्त्र धानिएको छ । दैनिक उपभोग्य सामानलगायत, तिहारका भाइ मसला, दसैंका सामान, माघका तरुल, सखरखण्ड पनि विदेशबाटै ल्यायौं हामीले, भन्सारको तथ्यांकले त्यही भनेको छ ।

देशको अवस्था बलियो बनाउने जिम्मा नेतृत्वको हो । हाम्रो देशमा ३४ वर्ष अघिदेखि उस्तै नेतृत्व छ, तर देश उत्पादनतिर होइन व्यापारतिर छ । भन्सार राजस्व बढाउन उद्योग वृद्धि गर्नुपर्छ, उत्पादनको निकासी गरेर आयवृद्धि गर्ने हो, आयातित सामानबाट होइन । केही वर्षअघिसम्म उद्योगको हिस्सा १२ प्रतिशत थियो, अहिले सिधै झरेको छ, अझ ओरालो लाग्ने क्रममा छ, औद्योगिक ग्रामहरू उद्घाटनमा सिमित छन्, बरु भ्यूटावरको संख्या बढ्न थालेको छ । कृषि प्रधान देशमा जिडिपिको एक चौथाई तल कृषि क्षेत्रको योगदान हुनु र यो हरेक वर्ष घट्दो हुनु राम्रो संकेत होइन । आव ०६८/०६९ सम्म जिडिपिको एक तिहाई अर्थात् कृषिको योगदान ३२:७ प्रतिशत थियो । निरन्तर ओरालो लाग्ने क्रममा छ, अहिले कृषि विकास मन्त्रालयले दिएको आँकडामा पनि विगत चार वर्षको धान उत्पादनको अनुपात हेर्दा, यो वर्ष १:७३ प्रतिशतले प्रति हेक्टरमा रोपाइँ कम भएको छ ।

केही वर्ष अघिसम्म यसको वृद्धिदर ५:३ प्रतिशत र जिडिपिमा कृषिको योगदान २८:९ प्रतिशत थियो । कृषि मन्त्रालयले पाँच वर्षको धान उत्पादनको विवरण सार्वजनिक गर्दा ०७८/०७९ का लागि ६० लाख मे.टन., तर विगतको भन्दा पनि नौ प्रतिशतले घटी अर्थात् ५१ लाख ३० हजार ६०४ मे.टन मात्र प्राप्त भयो । यो वर्ष केही वृद्धि भनिए पनि आयातको संख्या नघटेकोले र मूल्य घट्नु पर्ने बेलामा समेत उल्टो बढेकोले उत्पादनको तथ्यांकमै शंका भएको छ ।

क्षेत्रफल विगत वर्षभन्दा चार हजार हेक्टरले बढेको भनियो पहिले तर, उत्पादकत्व भने ८:६१ प्रतिशतले कमी आई प्रति हेक्टर ३:४७ मे.टन. मात्रै उत्पादन भएको देखियो, विगतमा । यसअघि आवमा ५६ लाख २१ हजार मे.टन., आव ०७६/०७७ मा ५५ लाख ५० हजार ८७८ मे.टन., ०७५/०७६मा ५६ लाख १० हजार ११ मे.टन., ०७४/०७५मा ५१ लाख ३० हजार ९२५ मे.टन., ०७३/०७४ मा ५२ लाख ३० हजार ३२७ मे.टन. धान उत्पादन भएको कृषि मन्त्रालयको आँकडा थियो । विगत ५ वर्षमा गत वर्ष सबैभन्दा कम धानको उत्पादन भएको र चामल धेरै आयात गर्नु परेको थियो । अघिल्लो वर्ष केही सामानको आयातमा कडाइ भएकोमा सरकारले त्यसलाई निरन्तरता दिन सकेन, भन्सार घट्दा ढुकुटी कम भएको महसुस गरियो ।

बेमौसमी वर्षा हाम्रो नियति भएको छ, सिँचाइ पर्याप्त छैन र रासायनिक मलको रडाको कहिल्यै अन्त्य भएन । चाडवाडमा किनेर लिन्छुभन्दा चिनी पाइएन, आपूर्ति श्रृंखलालाई सरकारले चुस्त बनाउन सकेन बरु सत्ता मोहमा संलग्न भइरह्यो नेतृत्व । हिउँदको आलु तथा गहूँ बालीमा पनि मल पाउन सकिएन, समयमा मल आपूर्ति नहुँदा, अन्तर्राष्ट्रिय बजार भाउ बढ्दा र त्यसको समयमै व्यवस्थापन गर्न सकिएन, सिँचाइ, बीउ, मल, बजार, ढुवानी आदिमा सरकारको ध्यान जानै सकेन, सरकार सत्ताको जोड घटाउमा व्यस्त भइ नै रह्यो । । किसानहरूलाई दलको काममा लगाइयो । सुशासनको अभावमा लगानीकर्ताहरूले देशको भरोसा गर्न सकेनन्, कर, भन्सार, अन्य खर्च जोड्दा उपलब्धि, प्रतिफल नदेखेपछि उद्यमीहरू लगानीतिर आकर्षित बन्न सकेनन् । बरु मानिस नै निर्यात हुन थाले,त्यसबाट प्राप्त रकम राम्रो देखियो । आएको रकम पनि विलासिताका सामान, अनुत्पादक घर जग्गामा लगानी भएको देखिएको छ ।

देशमा चालु खर्चको अत्यधिक वृद्धि हुनु र पूँजीगत खर्च भने ओरालो लाग्नु, धेरै खर्चिलो प्रणाली संघीयता लागु हुनु देशका लागि अभिशाप नै भएको छ । राष्ट्रिय गौरवका आयोजनाको प्रगति निराशाजनक छ, तिनकै पूँजीगत खर्च पनि भएको देखिएन । परियोजना लागत दोब्बर तेब्बर हुँदै तोकिएका परियोजना कहिल्यै समयमा पूरा भएनन्, जसले रोजगारी दिने, दीर्घकालसम्म पूँजी निर्माण गर्न पनि सकेनन् । रोजगारी दिनेलाई कारबाही नगर्नू भन्दै उद्यमीहरू मुद्दाबाट छुट्न थालेका छन् । यी पनि राजनैतिक भागबण्डामा परे, हानथापमा परे, दलको भर्ती केन्द्रमा परे ।

राणाकालमा यस्तो थिएन, प्रजातन्त्र प्राप्तिसँगै वैदेशिक सहायत बढ्यो, भनौं अहिले त प्रतिव्यक्ति वैदेशिक सहायता तीन सय डलरमाथि, ऋण ८० हजारमाथि पुगिसकेको छ । वैदेशिक सहायतामा खर्च गर्ने क्षमता भएन, सहयोग, अनुदान पनि घटेको छ । संसारका देश ताजकीस्तान, गणतन्त्र किरगिज पछिको विप्रेषणले धानेको तेस्रो देश भएको छ नेपाल । बजेटकै हाराहारीमा विप्रेषण छ । विगतमा केही निर्यात बढेको देखियो तर, आशातित भएन । इतिहासमै अर्थतन्त्रका सूचकहरू नकारात्मक छन् ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार विगत वर्ष निर्यातबाट जम्मा भन्सार राजस्व ३४ करोड उठेको थियो, अन्तशुल्कबाट ३४ अर्ब ४८ करोड र भन्सार सम्बन्धी अन्य आयबाट १ अर्ब ६१ करोड मात्र । उत्पादनबाट हुने कर भन्दा सामान आयातबाट आउने कर पाँच गुणा बढी छ । मलेनिकाकै भनाइमा १६ अर्ब ९८ करोड रकम उत्पादनबाट कर उठ्दा आयातबाट एक खर्ब दुई अर्ब १४ करोड कर उठेको थियो विगत वर्षको एक अध्ययनमा । पछिल्लो समय देश उदार नीति उद्योग र उत्पादनभन्दा विदेशी सामान आयातमा व्यापारमुखी भएको छ, यसले देश आत्मनिर्भर हुँदैन, निर्यातको आयलाई बढाउनु पर्नेमा आयातको भन्सार वृद्धि हुँदा कसरी सकारात्मक भन्न सकिन्छ ? हुनुपर्ने आफ्नै सामान बेचेर अन्तशुल्कबाट भन्सार बढाउनु पर्ने थियो ।

## सामाजिक सञ्जाल



- रञ्जित तामाङ

बालुवाटार जग्गा प्रकरणले पनि कर्मचारीहरूलाई खाल्डोमा जाकेर नेताहरूलाई ढिस्कोमाथि चढायो । माधव नेपाल र बाबुराम भट्टराईलाई मुद्दा नहालेपछि उब्जेको शंका आज सत्य ठहरियो । एउटै अपराधमा संलग्नमध्ये राजनीति गर्नेहरू जोगिने, कर्मचारी फस्ने भन्ने पनि हुन्छ कहीँ ?




- विश्वरसिंह मेवाहाङ

मन्त्रीले कार्यकक्षमा झाडु लगाएको विषय गौरव गर्ने विषय होइन । मन्त्रीले देश निर्माणका निम्ति गरेको नीतिगत निर्णय र निर्णयको कार्यान्वयन चाहीँ गौरव गर्ने विषय हुन् । पशुपति विकास कोष र लुम्बिनी विकास कोषमा गरिएका गतिविधि गौरव गर्ने विषय हुन् कि होइनन् ? त्यता विचार गरौं ।



- निर्मल प्रसाइँ

भ्रष्ट नेतामाथि कानुन नलाग्नु, व्यक्ति हत्या अभियुक्त पक्राउ नपर्नु, किर्ते नेताले सफाई पाउनु, नरसंहारीले कैद माफी पाउनु । एक वर्गले यो देशको कानुनलाई पैतालामा कुल्चे, विधि मिचे, देश लुटे । ललितानिवास प्रकरणमा बाबुराम भट्टराई, माधवकुमार नेपाल, विजय गच्छदारको हातबाट व्यवस्था बिक्यो ।



- नरेन्द्र विक्रम चन्द

ललिता निवास काण्डमा पूर्वप्रधानमन्त्री मन्त्री निर्दोष किन भए भन्ने प्रश्नमा आमजनताको चासो छ । जनताले के बुझ्नुपर्छ भने प्रधानमन्त्री, मन्त्री अयोग्य असक्षम गँवार हुन्छन् । लोकसेवा उत्तिण गरेका सचिवले गँवार मन्त्रीको अहराएको कानुन विपरित किन काम गरे त्यही भएर सजाइ भोग्नुपर्‍यो ।

## तपाईंको राशिफल

मेष : शुभ कार्य सम्पन्न हुनेछ । राजनैतिक सहयोग प्राप्त हुनेछ ।

वृष : मित्रहरूसँग भेटघाट हुनेछ । मनोबल उच्च रहनेछ ।

मिथुन : कार्य सफल हुनेछ । पेटसम्बन्धी समस्याको योग छ ।

कर्कट : प्रतिष्ठामा वृद्धि हुनेछ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

सिंह : दिदी बहिनीहरूको सहयोग पाइनेछ । पराक्रममा वृद्धिको योग छ ।

कन्या : कुनै पनि कार्यमा हतार नगर्नु होला । वाहन सावधानी राख्नुहोला ।

तुला : राजनीतिक कार्यमा रुकावट आउनेछ । नयाँ सम्बन्ध बन्नेछ ।


वृश्चिक : पारिवारिक जीवन सुखी रहनेछ । कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ ।

धनु : सभा समारोहमा सहभागी हुनुपर्नेछ । स्वास्थ्य राम्रो रहनेछ ।

मकर : तनाव बढ्नेछ । सामाजिक कार्यहरूमा वृद्धि हुनेछ ।

कुम्भ : भाइ-बहिनीको सहयोग प्राप्त हुनेछ । पदोन्नति हुने योग छ ।

मीन : स्वास्थ्य राम्रो रहनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# जनयुद्धप्रतिको उपेक्षा

विचार



● ईश्वरचन्द्र झवाली

*जनयुद्धले ल्याएको परिवर्तनको नीतिगत प्रवेश, गणतान्त्रिक विधि सबै ठाउँमा प्रवेश गराउनु आजको मुख्य माग हो । त्यो युगान्तकारी परिवर्तनको आन्दोलनलाई कुनै पनि कोणबाट उपेक्षा गर्न हुँदैन । उपेक्षा गरिएमा परिवर्तनलाई संस्थागत गर्ने विषय सहज हुँदैन ।*

जब राज्यका सबै अङ्ग परिवर्तनको प्रक्रियामा जोडिन्नन् वा परिवर्तनलाई आत्मसात् गर्दैनन् र पुरानै सामन्ती चिन्तन, परम्परा, प्रवृत्तिलाई नै आत्मसात् गरेर अघि बढ्छन्, पुरानै व्यवस्थाका हिमायती, चिन्तक र अनुयायी हुन्छन् तब अदालतबाट परिवर्तनकारी इतिहासलाई नै नामेट पार्नेगरी फैसला आउँछन् । जुन धेरैलाई असामान्य लाग्दैन । जसरी प्रजातन्त्र, संविधान, पृथ्वी जयन्ती गणतन्त्र आदि दिवस मनाइन्छ, त्यसरी नै जनयुद्ध दिवस पनि मनाइनुपर्थ्यो, किनकि माथिका ती सबै दिवसहरू राजनैतिक परिघटनाकै कारण संघर्षका सम्मानमा स्थापित भएका हुन् र जनयुद्ध पनि वर्तमान परिवर्तनको मूल कारक नै हो । तसर्थ, अदालतको फैसला गलत छ, पूर्वाग्रही छ र पुरानै अन्धचेतनाबाट प्रेरित छ ।

अदालतले कुनै पनि परिवर्तनलाई यसरी अपमानित गर्न हुँदैन । ऊ सधैं निष्पक्ष र स्वतन्त्र रहनुपर्छ । तर, यस फैसलाले अदालतमा अझै गणतन्त्रले प्रवेश पाएको छैन भन्ने प्रमाणित गर्छ । यो मात्रै होइन, राज्यका अन्य थुप्रै निकाय पुरानै तौर तरिकाबाट चलिरहेका छन् । व्यवस्था बदलिएपनि उनीहरुको संचरना पुरानै छ ।

जस्तो प्राज्ञिक प्रतिष्ठानहरू । प्रज्ञा प्रतिष्ठानमा आजसम्म जनयुद्ध, सहिद र गणतन्त्र निषेधित नै छन् । चाहे त्यहाँ जोसुकै होऊन् । त्यसैगरी शिक्षा र पाठ्यक्रममा पनि गणतन्त्र र जनयुद्ध अनि परिवर्तन निषेधित नै छन् । आज पनि जेल, अदालत, प्राज्ञिक क्षेत्र, शैक्षिक क्षेत्र, सांस्कृतिक क्षेत्रमा पुरानै वर्गले नै हाली मुहाली चलाइरहेछन् । व्यवस्था परिवर्तन भएपनि अवस्था परिवर्तन नहुनुमा पनि यो पक्ष निकै महत्वपूर्ण छ ।

साँस्कृतिक रूपमा सामन्तवाद अझै पनि जिउँदै छ । जसको प्रभाव चौतर्फी देखिन्छ । जस्तो कि आर्थिक क्षेत्रमा सामान्तवादी परिपाटी हराएको छैन । यद्यपि, सामन्त पुँजीपति वर्ग पनि अहिले दलाल पुँजीपति, व्यापारिक पुँजीपति, नोकरशाह पुँजीपतिमा फेरिएका छन् । शैक्षिक क्षेत्रमा त जनयुद्ध, त्यसका नायक, योद्धा, क्रान्तिकारी सिपाही सबैलाई हत्यारा, बलात्कारी, डाँकाका रूपमा अध्यापन गराइँदै त्यसैअनुरूप पाठ्यक्रमको विकास, समृद्धीकरण गरिएको छ । अदालतले पनि सोही पदचिन्ह पछ्याउनु न्यायको घोर अपमान हो । यसले अदालत राजनैतिक, वैचारिकरुपमा प्रेरित हुँदै पुरानो सत्ता र संस्कृतिकै पक्षमा निर्णय दिन्छ र यो स्वायत्त, निष्पक्ष, न्याययुक्त छैन भन्ने प्रमाणित गर्छ ।

जसले जनतामा न्यायक्षेत्रप्रति विश्वास मर्दै गएको छ । आर्थिक सत्ता, प्रज्ञा, संस्कृति, शिक्षा, पाठ्यक्रम र न्याय क्षेत्रमा गणतन्त्र, जनयुद्ध, परिवर्तन, जनसंघर्ष, विद्रोहको प्रवेश-निषेध अत्यन्त खतरनाक छ । सांस्कृतिक परिवर्तन बिनाको राजनैतिक यो परिवर्तन अधुरो छ र कुहिएको संसदीय पुरानो जर्जर व्यवस्थाको प्रगतिशील रूपान्तरणले मात्र यी विषयको सम्बोधन हुनसक्छ । परम्परागत बुढो संसदीय पद्धतिलाई नयाँ रुपान्तरण गर्न सकिन्छ वा सकिँदैन अबको बहस त्यता केंद्रित गर्न जरूरी छ ।

जनयुद्धले ल्याएको परिवर्तनको नीतिगत प्रवेश, गणतान्त्रिक विधि सबै ठाउँमा प्रवेश गराउनु आजको मुख्य माग हो । त्यो युगान्तकारी परिवर्तनको आन्दोलनलाई कुनै पनि कोणबाट उपेक्षा गर्न हुँदैन । उपेक्षा गरिएमा परिवर्तनलाई संस्थागत गर्ने विषय सहज हुँदैन ।

*(झवाली, नेकपा (माओवादी केन्द्र)का नेता हुन् ।)*

# चन्द्रपुर नगरपालिकाको १२औं हिउँदे अधिवेशन सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ फागुन

रौतहटको चन्द्रपुर नगरपालिकाको नगर सभाको १२ औं हिउँदे अधिवेशनमा आर्थिक पर्ष २०८०/०८१ को संशोधित बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ। चन्द्रपुर नगरपालिकाको सभा हलमा शनिबार भएको हिउँदे अधिवेशनमा विभिन्न प्रस्तावहरु राखिएको छ।

प्रस्तावहरुमा फागुन ४ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु अनुमोदन, चन्द्रपुर नगरपालिकाको विभिन्न रणनिति तथा विधेयक स्वीकृति सम्बन्धमा, चन्द्रपुर नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत योजना तथा भुक्तानी, चालु आर्थिक वर्षका लागि ११औं नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुमा भएको हेरफेर, रकमान्तर तथा संशोधन, चन्द्रपुर नगरपालिका वडा नं.३ को भूगोल तथा प्रशासनिक क्षेत्रलाई गाउँपालिका प्रस्ताव गर्नेलगायत रहेका छन्। चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जय कुमार काफ्लेको अध्यक्षतामा भएको हिउँदे अधिवेशनमा प्रतिनिधि सभा सदस्य देव प्रसाद तिमल्सिनाको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा तिमल्सिनाले हिउँदे अधिवेशनको सफलताको शुभकामना दिँदै आवश्यक सहयोग गर्न आफू तयार रहेको बताए। नगर प्रमुख काफ्लेले नगरपालिकाले प्रशंसा योग्य काम गरेको दाबी गर्दै अनावश्यक टिकाटिप्पणी नगर्न आग्रह गरेका थिए।



## Shuklaphanta Municipality
## Office of Municipal Executive
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh, Nepal**

## Invitation for Bids

**(First Date of Publication: 2080/11/06 [2024-02-18])**

| Contract ID | Project Description | Estimated Amount (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/080-81/ NCB/MED/16 | Procurement of medicines in Shuklaphanta Municipality Office, Jhalari Kanchanpur | 28,18,768.1 | 84,500.00 | 2080/12/06 (2023-March-19) 12:00 PM | 2080/12/06 (2023-March-19) 13:00 PM |
| SMP/080-81/ NCB/CW/17 | Construction of underconstructed Health post in ward no 3 and ward no 9 and underconstructed Ranatharu Sangraahlaya in ward no 12 | 29,31,045.53 | 87,000.00 | 2080/12/06 (2023-March-19) 12:00 PM | 2080/12/06 (2023-March-19) 13:00 PM |

| Cost of bidding document: Rs. 3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| ✓ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>✓ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>✓ Office Account No.: 05910106200002 | ✓ Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>✓ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>✓ Office Account No.: 05910106200016 |

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
## Department of Roads,
## Khulalu-Salisalla Road Project
**Kolti, Bajura**

## Notice of Intention to Award Contract

**Date of Publication: - 2080/11/06**

Government of Nepal, Ministry of Physical Infrastructure & Transport, Department of Roads, Khulalu-Salisalla Road Project, Kolti Bajura hereby notifies and intends to award the following contract and publish this notice to all concerned bidders regarding our Bid Notice No 02/KSRP/080/81 (published on The Rajdhani Dainik dated (2080-09-17) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S. N. | Contract No. & Project Name | Name and Address of Bidder | Total Bid Amount excluding VAT & PS. (NRs) |
|---|---|---|---|
| 1 | KSRP/33701184/080/81-001:- Roadway Excavation, Structural, and Upgrading Works along Khulalu-Salisalla Road, South Section (Chainage 30+000 to 38+000). | M/S D.B.-Jagadamba J.V., Badimalika-08, Bajura | 2,84,23,571.99 |
| 2 | KSRP/33701184/080/81-002:-Roadway Excavation, Structural, and Upgrading Works along Khulalu-Salisalla Road, South Section (Chainage 38+000 to 45+000). | M/S Purna-Handik J.V.Nepalgung, Banke | 3,05,65,447.93 |

**Project Chief**

## हलौडे सामुदायीक वन उपभोक्ता समुह
**गोदावरी-१२, हलौडे बडरडीमछेली, कैलाली**

### गोलिया काठ लिलाम बिक्रि सम्बन्धी बिस्तुत सूचना

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८०/११/०६)**

यस सा.व.उ.स को सामुदायिक बन क्षेत्रबाट आ.व. २०८०/०८१ म नियमानुसार संकलन गरि समुहको कम्पाउण्मा घाटगद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सुदूरपश्चिम प्रदेश बन नियमावली २०८० को नियम ९ मा व्यवस्था भए बमोजिम यो सुचना मिति २०८०/११/०६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

| सि.नं. | जात | ग्रेड | गेलिया थान | परमिाण (क्यु फिट) | कैफियत |
|---|---|---|---|---|---|
| १ | साल | ए | ४७ | ७३८.०५ | |
| २ | साल | बि | १६ | १३५.९५ | |
| ३ | साल | सि | ३८ | २४३.२१ | |
| ४ | साल | डि | ४ | १३.४३ | |
| जम्मा | | | १०५ | ११५८.१७ | |
| १ | अस्ना | ए | ८ | ३५१.८५ | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति २०८०/११/२७ ख) समय दिउसो ४:०० बजेसम्म
३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति २०८०/११/२८ ख) समय दिउसो ४:०० बजेसम्म
४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस श्री हलौडे सामुदायिक वन उपभोक्ता समूहको रा.वा.बैंक शाखा कार्यालय अत्तरियामा रहेको खाता नं. ४२४०१०००५०२०५००१ नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ।
५) बोलपत्र फाराम प्रति लटको रु. १,०००/- (पछि फितां नहुने गरी यस श्री हलौड सा व.उ.स.को कार्यालय, गोदावरी न. पा. १२ तथा डिभिजन वन कार्यालय, धनगढी, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ।
६) लिलाम बढाबढ हुने वन पैदावार गोदावरी न.पा १२ स्थित सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।
७) लिलाममा भाग लिन उद्योगका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।
८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०/११/२९ गते दिनको २:०० बजे सांक्षीहरुको रोहवरमा खोलिने छ।
९) निलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, राजश्व, मूल्य अभिवृद्धि कर संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ।
१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
११) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ।
१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.ब.उ.स. मा निहित रहनेछ।
१३) सिलवन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ।
१४) सिलबन्दी बोलपत्रहरु सुचना प्रकाशित भएका मितिले २२ औं दिनको १ बजे भित्रमा यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।
१५) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन सकिनेछ।
१६) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ।

## कतारमा रोजगार | कम्पनी: SEAGULL CONTRACTING CO.W.L.L. शहर: DOHA

पुर्व स्वीकृत मिति:२०८०/०६/१६ चलानी नं.: ६०२०८५८६ LT. No.:293399 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३४० | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1200 | ४३,६०८ | | | | | | | |
| 3. | Electrician (Gen) | 1 | 0 | | 1200 | ४३,६०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAMILY TRADING IMPRINT DISCOUNTS COMPANY. शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/११/०४ चलानी नं.: ६०२१५०५३ L.T. No.: 300132

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelving Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ४२,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Hamdan Employment Service Pvt . Ltd.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506
Email: hamdan773@gmail.com | Website: www.hamdanemployment.com.np

## युएईमा रोजगार | कम्पनी: INVENTION STEEL INDUSTRIES LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/११/०४ चलानी नं.: ६०२१५०६४ L.T. No.: 300198

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 4 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arc Welder | 4 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 3. | Fabricator (Aluminum) | 3 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 4. | Glass Fitter | 3 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 5. | Helper | 40 | 0 | | 900 | ३२,४७२ | | | | | | | |
| 6. | Sales | 0 | 4 | | 2000 | ७२,१६० | | | | | | | |
| 7. | Spray Painter | 3 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 8. | Welder Mig | 3 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 9. | Welder Tig | 3 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S. P. M. OVERSEAS PVT. LTD.**
Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
9842151398 / 9813127393, Itahari: 9819057857 | Jhapa :9801423929
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

## कतारमा रोजगार | कम्पनी: Dime INternational Trading & Contracting शहर : Doha

पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४१६ LT. No.:298235 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messenger | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Machine Operator | 2 | 0 | | 1900 | ६९,०८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.S.K. Manpower Services Pvt. Ltd.**
साबिक:
GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Gov. Lic No. 1561/079/080
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com

# चौरजहारीमा विपद् प्रतिकार्य अभ्यास तालिम

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ५ फागुन

रुकुम पश्चिमको चौरजहारीमा शनिबार तीनदिने विपद् प्रतिकार्य अभ्यास तालिम सम्पन्न भएको छ । मानव विकास तथा सामुदायिक सेवाको आयोजना र जिल्ला विपद् व्यवस्थापन समितिको संयोजनमा तालिम सम्पन्न भएको हो ।

आधारभूत विपद् प्रतिकार्यसम्बन्धी ज्ञान तथा सीप प्रदान गर्न सक्षम बनाउने, जनचेतना एवम् तालिम प्रदान गरी जीवन बचाउन स्थानीय प्रशासन, सयुंक्त सुरक्षा फौज र सरोकारवालासँग समुदायलाई सहकार्य गर्ने उद्देश्यले विपद् प्रतिकार्य अभ्यास तालिम सञ्चालन गरिएको मेहर परियोजनाका संयोजक बासुदेव सापकोटाले जानकारी दिए ।

तालिममा आगलागी नियन्त्रण, सवारी दुर्घटनामा घाइतेहरुको उद्धार तथा उपचार विधिसम्बन्धी अभ्यास प्रदर्शन गरिएको थियो । प्रतिकार्य तालिममा नेपाली सेना चण्डीदल गणबाट ११, नेपाल प्रहरीबाट १०, सशस्त्र प्रहरी बल नेपाल ४७ नम्बर गुल्म ६ र चौरजहारी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट ५ जना गरी कूल ३२ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको परियोजना संयोजक सापकोटाले बताए ।

तालिम आरएनए १६ का मुख्य प्रशिक्षक अरुण सैंजुसहित ४ जनाले सहजीकरण गरेको आयोजकले बताएको छ । चौरजहारी अस्पताल परिसरमा आयोजना गरिएको तालिम समापन कार्यक्रममा चौरजहारी नगरपालिका उपप्रमुख ईश्वरी शर्मा, प्रमुख जिल्ला



अधिकारी हरिप्रसाद पन्त, मानव विकास तथा सामुदायिक सेवाका वरिष्ठ व्यवस्थापक टंक सुवेदी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, पत्रकार, अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको आतिथ्यता रहेको थियो । सोही अवसरमा तालिममा सहभागी प्रशिक्षार्थी एवम् समन्वयकारी भूमिका निर्वाह गरेका सरकारी तथा गैरसरकारी कार्यालयहरुलाई प्रशंसा पत्र प्रदान गरिएको थियो । तालिम समापन कार्यक्रम मानव विकास तथा सामुदायिक सेवा चौरजहारी अस्पतालका प्रशासक डिलबहादुर गिरीको अध्यक्षतामा सम्पन्न भएको हो ।

# विद्यार्थी लक्षित 'करियर परामर्श' कार्यक्रम सञ्चालन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ५ फागुन

प्लान नेपाल इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा राधाकृष्ण थारु जनसेवा केन्द्र बर्दियाले विद्यार्थीहरुलाई लक्षित गरी 'करियर परामर्श' कार्यक्रम सञ्चालन गरेको छ ।

गाउँपालिकामा सञ्चालित 'बालिका सशक्त परियोजना'



अन्तर्गत गेरुवा गाउँपालिका वडा नं. ५ स्थित पशुपति माध्यमिक विद्यालय पशुपतिनगर र स्वरस्वती आधारभूत विद्यालय विन्द्रामा 'करियर परामर्श' कार्यक्रम सञ्चालन गरिएको हो ।

परामर्शदाता कृष्ण पाण्डेयले कार्यक्रममा बाल विवाह, लागुऔषध दुर्व्यसन र बालश्रम जस्ता विकृति कम गर्न सकारात्मक कुराहरु अँगाल्दै राम्रो बाटोतिर लाग्न विद्यार्थीहरुलाई अभिप्रेरित गरेका थिए । कार्यक्रममा पढेलेखेका व्यक्तिहरु र नपढेका व्यक्तिहरुको आर्थिक, सामाजिक तथा राजनैतिक हैसियत र फरकका बारेमा तुलनामकरुपमा चर्चा समेत गरिएको थियो । साथै उनले विधार्थीहरुलाई परीक्षामा सफल हुन वा राम्रो अंक ल्याउनका लागि अपनाउनु पर्ने टिप्सका बारेमा जानकारी पनि गराए । कार्यक्रममा दुई वटै विद्यालयका कक्षा ८ देखि १० सम्मका १ सय ५७ जना विद्यार्थी सहभागी थिए ।


## सिद्ध भगवती सामुदायीक वन उपभोक्ता समुह
**गोदावरी-१२, कुमिभ्काल चौकी, कैलाली**

**गोलिया काठ लिलाम बिक्रि सम्बन्धी बिस्तुत सूचना**

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८०/११/०६)**

यस सा.व.उ.स को सामदायिक वन क्षेत्रबाट आ.व. २०८०/०८१ म नियमानुसार संकलन गरि समुहको कम्पाउण्मा घाटगद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सुदूरपश्चिम प्रदेश बन नियमावली २०८० को नियम ९ मा व्यवस्था भए बमोजिम यो सुचना मिति २०८०/११/०६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

| सि.नं. | जात | ग्रेड | गेलिया थान | परमिाण (क्यु फिट) | कैफियत |
|---|---|---|---|---|---|
| १ | साल | ए | २२ | ३५७.०७ | |
| २ | साल | बि | १६ | १७०.२९ | |
| ३ | साल | सि | ५ | २९.७६ | |
| ४ | साल | डि | १ | २.४८ | |
| जम्मा | | | ४४ | ५५९.६ | |
| १ | अस्ना | ए | ११ | २३६.९२ | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति २०८०/११/२७ ख) समय दिउसो ४:०० बजेसम्म
३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति २०८०/११/२८ ख) समय दिउसो ४:०० बजेसम्म
४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस श्री सिद्ध भगवती सामुदायिक वन उपभोक्ता समूहको रा.वा.बैंक शाखा कार्यालय अत्तरियामा रहेको खाता नं. ................................................ नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
(५) बोलपत्र फाराम प्रति लटको रु. १,०००/- (पछि फितां नहुने गरी यस श्री सिद्ध भगवती सा व.उ.स.को कार्यालय, गोदावरी न. पा. १२ तथा डिभिजन वन कार्यालय, धनगढी, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।
(६) लिलाम बढाबढ हुने वन पैदावार गोदावरी न.पा १२ स्थित सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।
७) लिलाममा भाग लिन उद्योगका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०/११/२९ गते दिनको २:०० बजे सांक्षीहरुको रोहवरमा खोलिने छ ।
९) निलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, राजश्व, मूल्य अभिवृद्धि कर संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।
१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
११) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ ।
१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.ब.उ.स. मा निहित रहनेछ ।
१३) सिलवन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ ।
१४) सिलबन्दी बोलपत्रहरु सुचना प्रकाशित भएका मितिले २२ औं दिनको १ बजेभित्रमा यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।
१५) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन सकिनेछ ।
१६) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।



## Invitation for Bids

# Jhapa Rural Municipality
# Office of Rural Municipal Executive

**Taghandubba, Jhapa, Koshi Province, Nepal**

**Date of publication: 2024-02-18 (2080-11-06)**

1. ***[Jhapa Rural Municipality, Office of Rural Municipal Executive]*** invites electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **Nrs. 3000** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC ASIA**
   **Name of Office : Jhapa Rural Municipality**
   **Office Code no. : 80101325**
   **Office Account no. : 2022050512514014**
   **Revenue Shirsak No. : 14219**
4. Pre-bid meeting shall be held at ***[Jhapa Rural Municipality]*** at **11:00 AM** on ***[2024-03-12 (2080/11/29)].***
5. Electronic bids must be submitted to the office ***[Jhapa Rural Municipality]*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***[12:00PM]*** on ***[2024-03-19 (2080/12/06)]***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[1:00PM on [2024-03-19 (2080/12/06)]*** at the office of ***[Jhapa Rural Municipality]***. Bids must be valid for a period of ***[90 days]*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for **30 days** beyond the validity period of the bid in following banking information:
   **Account Number : K2CA051251452407**
   **Account Name : Dharauti Khata**
   **Bank Name : NIC ASIA BANK**
   **Bank Address : Jhapa Bazaar Branch / Corporate Office**
   If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Name of Works: | Invitation for Bids No: | Estimated amount Nrs. (with PS and VAT) | Bid security amount (Nrs.) |
|---|---|---|---|---|
| 1 | Chandrabasti dekhi swastha chauki hudai amarpath samma kalopatre | NCB/JHAPA/JRM/11/080-81 | 79,48,745.06 | 1,80,000/- |
| 2 | Hulaki sadak panthapada dekhi daxin bhim ganesh ko gaun, bishnu chowk hudai paschim adharbhut swastha kendra samma kalopatre | NCB/JHAPA/JRM/12/080-81 | 49,09,954.34 | 1,10,000/- |

**Chief Administrative Officer**



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
## शहरी विकास तथा भवन कार्यालय
**कोशी प्रदेश, धनकुटा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशन मितिः २०८०/११/०६**

यस कार्यालयको मिति २०८०।०९।२० र २६ गते बोलपत्र आह्वानको सूचना अनुसार निम्न योजनाको लागि प्रविधिक प्रस्तावमा प्रभावग्राही भएका वोलपत्रहरु मध्ये न्युनतम मूल्याङिकत सारभूत रुपमा प्रभावग्राही निम्न वोलपत्रदाताको वोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा आशयको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | योजनाको नाम, ठेगाना | निर्माण व्यवसायीको नाम, ठेगाना | कवोल अङ्क रु. (मू.अ.कर र प्रोभिजनल सम बाहेक) |
|---|---|---|---|
| १ | सभापोखरी सामुदायिक भवन निर्माण, संखुवासभा | Kalakheti Nirman Sewa Sabhapokhari-2, Sankhuwasabha. | 1,207,539.50 |
| २ | मौलो कसेनीदेखि भुल्के जाने सडक स्तरोन्नती | Dhakal Group of Builders & Suppliers Mahalaxmi-5, Dhankuta | 2,330,751.53 |
| ३ | यलम्बर सभाहल निर्माण, भोजपुर-६, देउराली | M.D. Construction Bhojpur-9, Bhojpur | 2,510,465.44 |
| ४ | जालपादेवी स्कुलवाट खेल मैदान जाने बाटो स्तरोन्नती पाखीबास-४ | M.K.A. Group Kathmandu | 1,386,827.89 |
| ५ | शहीद स्मृति सभाहल, लसुने, ला.न.पा. | Tulasi Bishnu Nirman Sewa Rangeli-2, Morang | 1,523,127.00 |
| ६ | स्वास्थ्य चौकी निर्माण षडानन्द-२, भोजपुर | N.S. Sherpa Nirman Sewa Pvt. Ltd. Panchkhapan -07, Sankhuwasabha | 2,567,313.80 |
| ७ | तुम्लिङटार गौतम समाज भवन खाँदबारी-९ | Bindhabashini Nirman Sewa Khandbari-11 Sankhuwasabha. | 1,572,309.53 |
| ८ | त्रिभुवन मा.वि. ट्रस निर्माण, आठराई-१ | Tumyehang Nirman Sewa Pvt.Ltd. Phidim-1, Panchthar | 1,888,361.98 |
| ९ | सिखरपुर सांस्कृतिक भवन निर्माण चौबिसे गापा-६ | Dipa & Dibyanshi Construction Mahalaxmi-5, Dhankuta | 1,680,191.22 |
| १० | ज्येष्ठ नागरिक संघ भवन निर्माण, आठराई-१ | Harihar Nirman Sewa Phedap -1, Terhathum | 1,835,981.48 |
| ११ | सामुदायिक भवन निर्माण, सालपासिलिछो गापा -१, भोजपुर | N.S. Sherpa Nirman Sewa Pvt. Ltd. Panchkhapan -07, Sankhuwasabha | 2,355,120.19 |
| १२ | चौबिसे गा.पा. ६, स्थित सामुदायिक भवन | Pradhan Construction Dhankuta-5, Dhankuta | 2,715,015.23 |
| १३ | वागेश्वोरी माध्यमिक विद्यालय, वडा न.-०९, खाँदवारी | Evan Construction And Suppliers Pvt.Ltd. Baneshwor -10, Kathmandu | 4,629,462.16 |
| १४ | सामुदायिक कृषि भवन निर्माण चौबिसे -५, धनकुटा | Chhintang Devi Construction Pvt. Ltd. Dhankuta -4, | 1,669,135.22 |

**कार्यालय प्रमुख**



## तामाकोशी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यलय
**जफे, दोलखा**
**वागमती प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृतका लागि आसयको सूचना**

**सूचना प्रकाशित मितीः-२०८०/११/०६ गते**

मिती २०८०/०९/२९ गते राष्ट्रिय दैनिकमा प्रकाशित वोलपत्र आह्वनको सुचना अनुसार पर्न आएका वोलपत्रहरू मध्ये निम्नअनुसारको कार्यको लागि निम्नअनुसारको वोलपत्रको न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा (१) वमोजिम स्वीकृतको लागि छनौट गरिएको सोही एनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धीत सवै वोलपत्रदाताहरूलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| 1 | (16/TRM/NCB/Works/B/2080-081) | Remaining Construction of Japhe Sabha Hall. | New Jagriti Nirman Sewa. Ramechhap. | 26,11,288.95 |

# नभाल्नीको मृत्युबारे छानबिन गर्न राष्ट्रसंघ र विश्वका नेताहरुको आग्रह



**काठमाडौं/एजेन्सी–** रुसी पुटिन प्रशासनको प्रखर आलोचक तथा विपक्षी नेता एलेक्सी नभाल्नीको जेलमा भएकाके मृत्युपछि संयुक्त राष्ट्रसंघ र विश्वका प्रमुख शक्ति राष्ट्रका नेताहरुले घटनाको छानवीन गर्न आग्रह गरेका छन् ।

रुसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका नभाल्नीको जेलमा निधन भएको कारागार प्रशासनले शुक्रवार जनाएको थियो । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले 'हिरासतमा भएको भनिएको नभाल्नीको मृत्युको परिस्थितिबारे पूर्ण विश्वसनीय तथा पारदर्शी छानबिन' हुनुपर्ने माग गरेका छन् । गुटेर्रेसका प्रवक्ताले नभाल्नीको मृत्युबाट महासचिव स्तब्ध भएको बताएका छन् ।

एलेक्सीको नभाल्नीको मृत्युको विवरणले राष्ट्रसंघका महासचिव गुटेर्रेस 'स्तब्ध भएको' उनका प्रवक्ताले बताएका छन् । यसैगरी राष्ट्रसंघको मानवअधिकार कार्यालले स्वतन्त्र निकायमार्फत घटनाको छानबिन हुनुपर्ने माग गरेको छ । 'बिनाकारण जस्तो देखिएको' नभाल्नीको कारावासबारे पनि आफूले बारम्बार कुरा उठाएको कार्यालयले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको छ ।

अमेरिकाका राष्ट्रपति जो बाइडेनले घटनाका लागि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन जिम्मेवार रहेको दाबी गर्दै यसको निष्पक्ष छानबिन हुनुपर्ने बताएका छन् । राष्ट्रसंघीय मानव अधिकार आयुक्त फोल्कर ट्यूर्कले गत वर्ष नभाल्नीलाई सुनाइएको लामो सजायले रुसले अदालती प्रणालीलाई राजनीतिक उद्देश्यका लागि प्रयोग गरेको देखाएको बताएका छन् ।

## काठ बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित २०८०/११/६ गते**

जिल्ला कैलाली मोहन्याल गाउँ पालिका वडा १ मा रहेको यस सामुदायिक बन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.ब.२०७९/२०८० मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल, जातको काठ गोलिया ४३४थान को ५५८९.४१ क्यु .फिट काठ, सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्र द्वरा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकासन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यश सा .ब.उ. स को कार्यलय तथा सम्बन्धि अन्य कार्यलयहरुमा समेत सूचना टाँस गरिएको ब्यहोरा समेत सुचित गरिन्छ ।

**श्री प्रगतिशील सामुदायिक बन उपभोक्ता समूह**
**मोहन्याल गाउँपालिका वडा १ राक्सा कैलाली**

एलिअन सिस्टम्स् नेपाल प्रा.लि. को कम्पनी खारेजीका लागि नियुक्त लिक्वीडेटरको

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता भई सञ्चालित **एलिअन सिस्टम्स् नेपाल प्रा.लि. (दर्ता नं.१४०६७२/०७२/०७३)** को मिति २०८०।११।०३ गते बसेको एकल शेयरधनीको विशेष बैठकले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय धुम्वाराही, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हकदावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटरः राम प्रसाद रिजाल,** ईजाजत पत्र नं. १६४
सम्पर्कः ९८५११००७३५, E-mail: rijalrampd@yahoo.com

## काठ बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित २०८०/११/६ गते**

जिल्ला कैलाली मोहन्याल गाउँपालिका वडा १ मा रहेको यश सामुदायिक बन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.ब.२०७९/२०८० मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल, अस्ना, खयर जातको काठ गोलिया ७२३ थानको ४५४६.१४ क्यु .फिट काठ, सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकासन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यश सा .ब.उ. स को कार्यलय तथा सम्बन्धि अन्य कार्यलयहरुमा समेत सूचना टाँस गरिएको ब्यहोरा समेत सुचित गरिन्छ ।

**श्री चन्द्रसुर्य सामुदायिक बन उपभोक्ता समूह**
**मोहन्याल गाउँपालिका वडा १ कोसेरी कैलाली**

ब्रेन वर्कस् लर्निङ्ग सोलुसन्स प्रा.लि. को कम्पनी खारेजीका लागि नियुक्त लिक्वीडेटरको

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता भई सञ्चालित **ब्रेन वर्कस् लर्निङ्ग सोलुसन्स प्रा.लि. (दर्ता नं.५४९६३/०६५/०६६)** को मिति २०८०।११।०३ गते बसेको बिशेष साधारण सभाको निर्णयले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसंग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय जाउलाखेल ललितपुरमा सम्पर्क गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिनेछ ।

